(मस्यौदा)

# सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको अध्यक्षतामा हुने समितिको ३७ औं बैठकमा प्रस्तुत विवरण

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार

२०७३ भाद्र २७

# विषय सूची


| | | |
|---|---|---|
| १. | आ. व. ०७२/७३ को समग्र वार्षिक प्रगति | ३ |
| २ | राष्ट्रिय गौरवका आयोजनाहरुको वार्षिक प्रगति | ५ |
| ३ | पुनः निर्माणसम्बन्धी प्रगति | १६ |
| ४ | समितिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति | २० |
| | ४.१ समितिको ३५ सौं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति | |
| | ४.२ समितिको ३६ सौं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति | |
| ५ | समितिको बैठकमा प्रस्तुत गर्न विभिन्न मन्त्रालयहरुबाट प्राप्त भएका समस्याहरु | ३० |
| ६ | तेन्हौं योजनाको नतीजा खाकाका सूचकहरुको लक्ष्य र प्रगति | ३७ |
| ७ | मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण | ४६ |
| ८ | समितिको बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तावित विषयहरु (प्रस्तुतीमा समावेश गरिनेछ) | |

# १.आ.ब.२०७२/७३ को समग्र वार्षिक प्रगति स्थिति

## १.१ आयोजना तथा कार्यक्रमको संख्या तथा प्राथमिकीकरणः

आ.व. २०७२/०७३ मा सञ्चालित कुल ४६८ आयोजनाहरुमध्ये क्रमशः पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा ३२६, १२० र २२ आयोजनाहरु रहेका थिए। यीमध्ये राष्ट्रिय गौरवका आयोजनाहरुको संख्या २१ रहेको छ।

## १.२ समष्टिगत भौतिक प्रगति :

पहिलो प्राथमिकतामा रहेका ३२६ आयोजनाहरुको भौतिक प्रगति स्थिति देहाय वमोजिम रहेको छ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाहरुको संख्या : १७९ (५५ प्रतिशत)
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या : ८४ (२६ प्रतिशत)
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या : ४५ (१४ प्रतिशत)

यी आयोजनाहरुको मन्त्रालयगत विवरण पाना २ मा प्रस्तुत गरिएको छ। कूल १८ (५प्रतिशत) आयोजनाहरुको प्रगति नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको अवस्था छ।

## १.३ समष्टिगत वित्तीय प्रगति :

गत आ. ब.२०७२/७३ को कूल वजेट र महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसार २०७३ असार मसान्तसम्मको वार्षिक खर्च स्थिति देहाय बमोजिम रहेको छ।

(रकम रु.करोडमा)

| विवरण | चालू | पूंजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|
| कुल वार्षिक बजेट | ४,८४,२६ | २,०८,८८ | १,२६,३२ | ८,१९,४६ |
| वार्षिक खर्च | ३३६५५ | १२२१९ | १०१५६ | ५९०३० |
| खर्च प्रतिशत | ६९.५ | ५८.५ | ८०.३ | ७२.० |

## १.४ राष्ट्रिय गौरबका आयोजनाहरुको प्रगति :

राष्ट्रिय गौरबका २१ आयोजनाहरुको प्रगति स्थिति देहाय वमोजिम रहेको छ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या :- १०
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या :-३
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या :- ७
- प्रगति प्राप्त नभएका आयोजना संख्या - १ (पश्चिम सेती जलविद्युत आयोजना)

## १.५ पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरूको वार्षिक प्रगतिको सारांश

| क.सं | मन्त्रालयको नाम | प्रथम प्राथमिकता प्राप्त संख्या | प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | ८० % वा सो भन्दा बढी | ५० % देखि ७९ % सम्म | ५० % भन्दा कम | प्रगति नखुलेका वा अप्राप्त आयोजनाको संख्या |
| १ | कृषि विकास | २९ | २५ | ३ | १ | ० |
| २ | पशुपंछी विकास | ७ | ६ | १ | ० | ० |
| ३ | सहकारी तथा गरिवी निवारण | ३ | ३ | ० | ० | ० |
| ४ | सिंचाइ | २४ | २० | २ | १ | १ |
| ५ | वन तथा भू-संरक्षण | १५ | १४ | १ | ० | ० |
| ६ | भूमिसुधार तथा व्यवस्था | ६ | ३ | ३ | ० | ० |
| ७ | भौतिक पूर्वाधार तथा यातायात | ५७ | २० | २३ | १४ | ० |
| ८ | शहरी विकास | १४ | ८ | ४ | ० | २ |
| ९ | खानेपानी तथा सरसफाई | २० | १२ | १ | ३ | ४ |
| १० | सूचना तथा सञ्चार | ४ | ३ | ० | १ | ० |
| ११ | शान्ति तथा पुनर्निर्माण | ३ | ३ | ० | ० | ० |
| १२ | उद्योग | ८ | ६ | २ | ० | ० |
| १३ | ऊर्जा | २८ | ३ | ९ | १६ | ० |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ८ | ५ | १ | २ | ० |
| १५ | वाणिज्य | ३ | १ | ० | १ | १ |
| १६ | आपूर्ति | १ | १ | ० | ० | ० |
| १७ | श्रम तथा रोजगार | ४ | २ | २ | ० | ० |
| १८ | विज्ञान तथा प्रविधि | १ | १ | ० | ० | ० |
| १९ | जनसंख्या तथा वातावरण | ८ | १ | ७ | ० | ० |
| २० | अर्थ | १० | ५ | ० | १ | ४ |
| २१ | शिक्षा | ५ | ४ | १ | ० | ० |
| २२ | स्वास्थ्य | १६ | ७ | ७ | १ | १ |
| २३ | महिला, वालवालिका तथा समाज कल्याण | ५ | ५ | ० | ० | ० |
| २४ | संघीय मामीला तथा स्थानीय विकास | २९ | ११ | १४ | ४ | ० |
| २५ | युवा तथा खेलकूद | २ | २ | ० | ० | ० |
| २६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ४ | २ | १ | ० | १ |
| २७ | गृह | ३ | २ | ० | ० | १ |
| २८ | राष्ट्रिय योजना आयोगको सचिवालय | २ | १ | १ | ० | ० |
| २९ | संवैधानिक निकायहरू | ७ | ३ | १ | ० | ३ |
| | **जम्मा** | **३२६** | **१७९** | **८४** | **४५** | **१८** |

# २. राष्ट्रिय गौरवका आयोजनाहरुको वार्षिक प्रगति स्थिति

राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७२/७३ को वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| क.सं. | आयोजना | भौतिक प्रगति (%) | वित्तीय प्रगति ( %) |
|---|---|---|---|
| १. | सिक्टा सिचाइ आयोजना | ९३.५ | ८४.७ |
| २. | बबई सिचाइ आयोजना | ९५.९ | ९८.१ |
| ३. | रानीजमरा कुलरीया सिचाइ आयोजना | ८५.२ | ९१.१ |
| ४. | भेरी बबई डाइभर्सन आयोजना | ९१.७ | ९९.५ |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | २३.९ | ५५.८ |
| ६. | बुढिगण्डकी जलबिद्युत आयोजना | ५.१ | ५ |
| ७. | पश्चिम सेती जलबिद्युत आयोजना | अप्राप्त | अप्राप्त |
| ८. | गैातम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा | २७ | १०.६ |
| ९. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | १०० | १०० |
| १०. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा | ५० | ६.६ |
| ११. | पशुपति क्षेत्र विकास कोष | ५९ | ३१.४ |
| १२. | लुम्बिनी क्षेत्र विकास कोष | ४७.४ | ४१.४ |
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | ६० | ४६.८ |
| १४. | पूर्व पश्चिम रेलमार्ग (रेल तथा मेट्रो विकास आयोजना) | २९.२ | ६.५ |
| १५. | हुलाकी लोकमार्ग | ३७.१ | १०.२ |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | ९८ | ९४ |
| १७. | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | ९० | ९१ |
| १८. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ९२ | ९० |
| १९. | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | ७.८ | ५४.३ |
| २०. | मेलम्ची खानेपानी आयोजना | ९०.७ | ८०.९ |
| २१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ९२ | ९१ |

यी आयोजनाहरुको समष्टिगत लक्ष्य, आ.व. ०७२/७३ मा भएका कार्यहरु, प्रगति र कार्यान्वयनमा देखिएका समस्याहरु देहाय बमोजिम संक्षेपमा प्रस्तुत गरिएको छ :

**१. सिक्टा सिंचाइ आयोजना**

बाँके जिल्लाका ४१ वटा गा.वि.स., नेपालगंज उपमहानगरपालिका र कोहलपुर नगरपालिका समेत गरी ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.०६१/६२ मा शुरु भई आ.व.०७६/७७ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.१६९.९ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको आ.व. २०७२/०७३ को बार्षिक भौतिक प्रगति ९३.५ प्रतिशत र वित्तीय प्रगति ८४.७ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा आयोजनाको हेडवर्कस् (सिभिल कार्य) निर्माण कार्य सम्पन्न भएको र मूल नहर अन्तरगतको अन्तर्राष्ट्रिय ठेक्कातर्फको कार्य भैरहेको छ ।

<u>आयोजनाले भोल्नुपरेका समस्याहरु</u>

यसैगरी मूल नहरमा प्रयोग हुने नदीजन्य निर्माण सामग्री उत्खनन, संकलन तथा प्रशोधनको सम्बन्धमा नेपाल सरकार (मं.प.) को २०७२।१२।४ को निर्णय बाहेक थप स्थानीय शुल्क (वातावरण तथा अन्य) जि.वि.स. बाट माग भएकोले कार्यान्वयन्मा समस्या परिरहेको आयोजनाले जनाएको छ ।

**२. बबई सिचाइ आयोजना**

बर्दिया जिल्लाका करिव ३६,००० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.०४४/४५ मा शुरु भई आ.व.०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.७५.५९ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको आ.व. २०७२/०७३ को वार्षिक भौतिक प्रगति ९५.९ प्रतिशत र वित्तीय प्रगति ९८.१ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा नहर निर्माण, सर्भिस सडक निर्माण, नहर सञ्चालन, जलमापन गेज निर्माण, डाइभर्सन निर्माण कार्य जारी रहनुका साथै उपभोक्ता किसानहरुको सहभागिता मूल्यांकनका लागि तथ्यांक संकलनको कार्य भैरहेको छ ।

<u>आयोजनाले भोल्नुपरेका समस्याहरु</u>

आयोजना कार्यान्वयनको सिलसिलामा वन जंगल प्रयोगमा लामो प्रक्रिया र जग्गा अधिग्रहण प्रक्रियामा विवाद आउने गरेको, विगतमा इन्धनको अभावले समयमै कार्यसम्पादनमा समस्या पर्नुका साथै बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्रमा पर्ने बबई नदीबाट नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको आपूर्तिमा हुने कठिनाई मुख्य समस्याका रुपमा रहेका छन् ।

**३. रानीजमरा कुलरीया सिचाइ आयोजना**

कैलाली जिल्लाका ८ वटा गा.वि.स. र १ नगरपालिका समेत गरी २०,३०० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयो शुरु जना आ.व.०६४/६५ मा भई आ.व.०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु. १३१ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको भौतिक प्रगति ८५.२ प्रतिशत र वित्तीय प्रगति ९१.१ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा आयोजना अन्तर्गतको चिसापानीमा इन्टेक तथा लिंक क्यानल निर्माण सम्पन्न भएको छ यसैगरी चिसापानीदेखि बलचौरसम्म मूल नहर तथा सेटलिंग बेसिन निर्माण, कटासेदेखि मोहनासम्म फिडर नहर निर्माण, शाखा पुनःनिर्माण तथा ग्राभेल रोड सुदृढीकरणको कार्य तथा कर्णाली, पथरैया र मोहना नदीहरुमा तटबन्ध निर्माण भइरहेको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु

आयोजनाको मूल नहरको रेखाङ्कनको २०० मिटर भित्र रहेको जम्मा ३२ कट्ठा जग्गा मुक्त कमैयाहरुलाई व्यवस्थापन गरिएकोमा त्यसलाई अन्यत्र व्यवस्थापन नगरिएमा नहर निर्माणमा अवरोध आउने स्थिति रहेको छ ।

## ४. भेरी बबई डाइभर्सन आयोजना

सुर्खेत, बर्दिया र बाँके जिल्लालाई समेटेर उर्जा, सिंचाइ, शहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.०६८/६९ मा शुरु भई आ.व.०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाबाट बाँके र बर्दिया जिल्लाको करीव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने तथा करीव १५० मीटर हेडको सदुपयोग गर्दै नियमित रुपमा ४८ मे.वा. जलबिद्युत उत्पादन गरी देशको उर्जा संकट कम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.१२० करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको भौतिक प्रगति ९१.७ प्रतिशत र वित्तीय प्रगति ९९.६ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्य सम्ममा ठेकेदार तथा कन्सल्टेन्ट छनौट कार्य सम्पन्न भई पूर्ण रुपमा परिचालन भैसकेको, पहुँच सडकको निर्माण कार्य सम्पन्न भैसकेको तथा क्याम्प निर्माणको कार्य र सुरुङ्गको वोरिङ्ग क्षेत्रमा रुख कटानको कार्य सम्पन्न भएको छ ।

आयोजनाले हाल कार्यान्वयनमा खासै समस्याहरु नरहेको जनाएको छ ।

## ५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

आ.व. २०७२/७३ भित्र ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ । २०६७ श्रावणमा शुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएता पनि भूकम्प लगायतको कारणबाट आ.व.०७३/७४ मा सम्पन्न हुने अनुमान छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.२०० करोड विनियोजन गरिएको छ ।

बर्षिक प्रगति स्थिति :

आ.व.२०७१/७२ मा यस आयोजनाको हेडवर्क्स कंक्रिटको कार्य ७१ प्रतिशत, मुख्य सुरुङ्गको कार्य ६० प्रतिशत, बिद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न कंक्रिटको कार्य ८१ प्रतिशत र टेलरेस सुरुङ्गको कार्य १०० प्रतिशत सम्पन्न

भइसकेकोमा भूकम्पबाट आयोजना नराम्ररी प्रभावित भएकोले बाँधसम्मको intake block मा करिव १९ से.मि. vertical settlement देखिएको र पहुँचमार्ग अबरुद्ध भएको छ।

यस आयोजनाको आ.व. ०७२/७३ को भौतिक प्रगति २३.९ प्रतिशत र वित्तीय प्रगति ५५.८ प्रतिशत रहेको छ। आ.व. ०७२/७३ को अन्त्यसम्ममा सुरुङ प्रवेश मार्ग निर्माणको काम सुरु भएको छ। विज्ञहरुको समूहबाट बाँधको निरिक्षण भएको र भौगर्भिक परीक्षण कार्यहरु परीक्षण गरी डिजाइन पुनरावलोकन गर्ने कार्यहरु भइरहेको।

आयोजनाले झेल्नुपरेका समस्याहरु :

भूकम्पको कारणबाट पहूँच मार्गमा क्षति पुगेको हुंदा आयोजनाको मुख्य निर्माण कार्य सुचारु हुन सकेको छैन। यसमा स्थानीय बेरोजगार युवाहरूबाट निर्माण कार्यमा अवरोध हुने गरेको र प्रसारण लाइन विस्तार गर्न जग्गा अधिग्रहण तथा मुआब्जा वितरणका समस्याहरु रहेको छ। यसैगरी विदेशी मुद्रा भुक्तानीका लागि सटही सुविधा अर्थ मन्त्रालयबाट पटके रुपमा स्वीकृती लिनुपर्ने व्यवस्था गरी रकम भुक्तानीमा ढीलाई हुने गरेको छ।

**६. बुढिगण्डकी जलबिद्युत आयोजना**

कूल १२०० मेगावाट जडित क्षमताको यो आयोजनाको बाँधस्थल गोरखा जिल्ला घ्याल्चोक गा.वि.स. सिउरेनिटार र धादिङ जिल्लाको सीमानामा बुढीगण्डकी र त्रिशुली नदीको बायाँ किनार कल्लेरिमा रहने छ। जलाशयले गोरखा र धादिङ जिल्लाका जम्मा २७ गा.बि.स. डुबानमा पर्नेगरी ६६३९ हेक्टर जमिन ढाक्न सक्ने देखिन्छ। यस आयोजना आ.व. २०६९/७० मा सुरु भई आ.व. २०७७/७८ मा सम्पन्न हुने लक्ष्य रहेको छ। यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.३३७ करोड विनियोजन गरिएको छ।

बार्षिक प्रगति स्थिति :

यस आयोजनाको आ.व.२०७२/७३ को भौतिक प्रगति ५.१ प्रतिशत र वित्तीय प्रगति ५ प्रतिशत रहेको छ। आ.व. २०७२/७३ को अन्त्यसम्ममा मालपोत र नापी कार्यालय गोरखा र धादिङबाट क्षेत्रफल एकिन गरी जग्गा अधिग्रहणका निमित्त सूचना प्रकाशित भैसकेको छ।

आयोजनाले झेल्नुपरेका समस्याहरु

बिशेषज्ञ तथा पूर्णकालिन कर्मचारीको अभाव, जग्गा अधिग्रहण, मुआब्जा वितरण र पुनर्वास तथा पुनर्स्थापनाको व्यवस्थापनमा जटिलता रहेको छ। आयोजना विकासको मोडालिटि र साधन परिचालन संयन्त्रको निर्क्यौल हुन नसक्नु जस्ता समस्याहरु रहेका छन्।

**७. पश्चिम सेती जलबिद्युत आयोजना**

कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बझाङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको छ। चिनिया कम्पनि थ्रि गर्जेजले सन् २०१३ जुलाईसम्ममा सम्भाव्यता अध्ययन प्रतिवेदन बुझाउने सम्झौता भएकोमा हालसम्म नबुझाएको र आयोजनाको सम्भाव्यता अध्ययन नै सम्पन्न भइनसकेकाले यसको भौतिक तथा वित्तीय प्रगति प्राप्त हुन सकेको छैन। यस आयोजना प्राविधिक तथा आर्थिक रुपमा सम्भाव्य देखिएको भए पनि लगानीकर्ताले जग्गा प्राप्ति, प्रशारण लाइन र पुनर्वाससम्बन्धी समस्या औंल्याएका छन्

। यी समस्या समाधानका लागि यस आयोजनामा चीनको थ्रि गर्जेज कम्पनीले लगानी गर्नेगरी लगानी बोर्डमा काम भैरहेको बुझिएको छ।

**८. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा**

रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमार्ग (१५०० मी.X३० मी.) लाई स्तरोन्नती गरी (३००० मी. ४५ मी.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्धार भवन लगायत सञ्चार तथा पथप्रर्दशक सामग्रीहरु जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गर्ने र मुलुकमा अर्को बैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य राखिएको छ। यस आयोजना सन् २०१५ मा शुरु भई सन् २०१७ को डिसेम्वरमा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.४५३ करोड विनियोजन गरिएको छ।

वार्षिक प्रगति स्थिति:

यस आयोजनाको समष्टिगत भौतिक प्रगति २७ प्रतिशत र वित्तीय प्रगति १०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको अन्त्यसम्ममा कूल १४० विगाहा जग्गा अधिग्रहणको प्रकृया पूरा गरी मूल्याङ्कनको लागि प्र.जि.अ.समक्ष पेश गरिएको र मूल्याङ्कनको कममा रहेको। थप २८८ विघा जग्गा अधिग्रहणको काम अगाडि बढेको। CNS/ATM उपकरण जडान सम्बन्धमा बोलपत्र आव्हान गर्ने क्रममा रहेको छ। Dedicated electric feeder line जडान गर्न नेपाल विद्युत प्राधीकरणको संचालक समितिबाट निर्णय भएको छ।

<u>आयोजनाले झेल्नुपरेका समस्याहरु</u>

आयोजना सहज कार्यान्वयनमा निर्माण कार्यको लागि आवश्यक पर्ने स्थानीय निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको ब्यबस्था नहुनु मुख्य समस्याका रुपमा रहेको छ।

**९.पोखरा अन्तर्राष्ट्रिय विमानस्थल**

कास्की जिल्लास्थित पोखरा उपमहानगरपालिकामा बिगत ४० बर्ष देखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रबर्द्धन गर्ने यस आयोजनाको लक्ष्य रहेको छ। सन् २०११ मा आयोजना सुरु भई नेपाल सरकार र चीन सरकार बीच ऋण सम्झौता भएको ४ वर्षभित्र सम्पन्न हुने अनुमान गरिएको छ। यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.१ अर्व विनियोजन गरिएको छ।

वार्षिक प्रगति स्थिति:

यस आयोजनाको भौतिक र वित्तीय प्रगति दुबै १०० प्रतिशत रहेको छ। गत आ.व.को अन्त्यसम्ममा जग्गा अधिग्रहण तथा मुआब्जा वितरणको कार्य सम्पन्न भएको। नेपाल सरकार र चीन सरकारबीच आयोजना निर्माणसम्बन्धी ऋण सम्झौता भइसकेको र २०७३ बैशाख १ गते आयोजनाको विधिवत शिलान्यास भएको छ। आयोजनामा हाल उल्लेखनिय समस्या रहेको छैन ।

### १०. दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा

बारा जिल्लामा अवस्थित मुलुककै अत्याधुनिक विमानस्थलको रुपमा प्रस्ताव गरिएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलले मुलुकको पर्यटकीय गतिविधि अभिबृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा कूल रु.५० करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको भौतिक प्रगति ५० प्रतिशत र वित्तीय प्रगति ६.६ प्रतिशत मात्र रहेको छ । गत आर्थिक वर्षको अन्त्यसम्ममा आयोजनाको कार्यालय बारामा र निर्देशनालय सिनामंगलमा स्थापना गरिएको छ । आयोजना क्षेत्रको चार किल्ला तोक्ने कार्य र उक्त चार किल्ला भित्रको घरजग्गा पहिचान तथा नापनक्शाको कार्य सम्पन्न गरी सो जग्गा र त्यहाँ निर्मित घर टहराहरुको अधिग्रहण गरी मुआब्जा वितरणका लागि प्रशासनिक कार्य भइरहेको छ । यसैगरी वातावरणीय तथा सामाजिक प्रभााव तथा पुनर्वाससम्बन्धी अध्ययन कार्यका लागि परामर्शदाताको छनौट गर्न (EOI) प्रस्ताव आव्हानसम्बन्धी कार्य भइरहेको छ ।

आयोजनाले भेल्नुपरेका समस्याहरु

ठेक्का तथा निर्माण कार्यका अन्य प्रक्रियाहरुका सम्बन्धमा ठोस निर्णय गर्न नसकिएको र बजेट तथा कार्यक्रम व्यबस्थापनमा निकै समय लागेकोले आयोजना निर्माणले अपेक्षित गति लिन नसकेको अवस्था छ ।

### ११. पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्रको गुरुयोजना अनुसार योजनाबद्ध विकासका कार्यक्रमहरुका माध्यमद्वारा यस क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमूना क्षेत्रका रुपमा विकास गर्ने लक्ष्य रहेको छ । यस गुरुयोजना आ.व.२०५७/५८ मा सुरु भएको हो । यसका लागि आ.व.२०७२/७३ मा कूल रु.३५ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति

यस कोषको भौतिक प्रगति ५९ प्रतिशत र वित्तीय प्रगति ३१.४ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा कोषले धुनीघर तथा रक्षेश्वर सत्तल तथा बममुक्तेश्वर सत्तल संरक्षण कार्य सम्पन्न गरेको छ । विद्युतीय शवदाहगृहको निर्माण सम्पन्न भई संचालनमा ल्याइसकिएको छ । यसैगरी तीलगंगा-ताम्रगंगा सडकमा रिटेनिङ वाल निर्माण कार्य लगायत विभिन्न ७ वटा कार्यक्रमहरु चालू अवस्थामा रहेका छन् ।

आयोजनाले भेल्नुपरेका समस्याहरु

गुरुयोजना कार्यान्वयनमा दक्ष प्राविधिक जनशक्तिको अभाव र समय समयमा निर्माण सामग्रीको अभाव आदिले समयमै ठेक्का व्यवस्थापनमा समेत समस्या परिरहेको ।

### १२. लुम्बिनी क्षेत्र विकास कोष

भगवान गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्ने लक्ष्य रहेको यो आयोजना लुम्बिनीमा अवस्थित छ । बि.सं. २०४२ देखिनै यस गुरुयोजनाको काम शुरु भएको हो । यसका लागि आ.व.२०७२/७३ मा कूल रु.५५ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस कोषको भौतिक प्रगति ४७.४ प्रतिशत र वित्तीय प्रगति ४१.४ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा कोष क्षेत्रमा रहेका वनजंगल रेखदेख र बोधिवृक्षको संरक्षण कार्य भएको छ भने प्रशासनिक भवनको निर्माण अन्तिम चरणमा पुगेको छ । पुरातात्विक क्षेत्र देवदह, रामग्राम तथा सैनामैना क्षेत्रको उत्खनन तथा संरक्षण गर्ने कार्य सम्पन्न भएको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु

लुम्बिनी विकास कोष अन्तर्गतका बिभिन्न पदाधिकारी तथा कर्मचारीहरु बीच समन्वयको अभाव तथा कर्मचारीहरुले विभिन्न माग राखी समय समयमा गर्ने हडतालले समेत गुरुयोजनाको कार्यमा समस्या निम्त्याएको छ ।

**१३. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग**

पूर्वमा पाँचथरको चियो भन्ज्यांगदेखि पश्चिममा बैतडीको भुलाघाटसम्म कूल लम्बाई १७७६ कि.मी. रहेको यस लोकमार्गले मध्यपहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात संजालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ । यो आयोजना आ.व.२०६४/६५ देखि सुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा नेपाल सरकारको ९५ करोड र बैदेशिक तर्फको १०० करोड गरी कूल रु. १९५ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको भौतिक प्रगति ६० प्रतिशत र वित्तीय प्रगति ४६.८ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा २२ कि.मी. कालोपत्रे, ५५ कि.मी. ग्राभेल र १२ वटा पूल निर्माण सम्पन्न भएको छ । आयोजनाले भोल्नुपरेका समस्याहरु

वन क्षेत्रमा कार्य गर्न बाधा परिरहेको, स्थानीयहरुद्वारा रेखांकनमा हुने विवाद, न्यून बोलकबोल रकम राख्ने प्रचलन र भौगोलिक बिकटता नै यस आयोजनाका कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु हुन् ।

**१४. पूर्व पश्चिम रेलमार्ग (रेल तथा मेट्रो विकास आयोजना)**

रेल्वे तथा मेट्रो विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कूल ९४६ कि.मी. लामो रेल सञ्जाल निर्माण एवम् संचालनको लक्ष्य लिएको छ । यस आयोजनाको कूल लागत रु.६९५२ करोड रहेको छ । आयोजनामा सम्पूर्ण रुपमा नेपाल सरकारको आफ्नै स्रोतबाट बनाउने योजना छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा रु.१५६ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको आ.व.२०७२/७३ मा भौतिक प्रगति २९.२ प्रतिशत र वित्तीय प्रगति ६.५ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा निजगढ-हेटौंडा-भरतपुर खण्डमा रेल सम्भाव्यता अध्ययन कार्य ९० प्रतिशत सम्पन्न भएको छ । बर्दिवास-काकडभिट्टा तथा इटहरी-विराटनगर लिंक रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्नको लागि दुइवटा परामर्शदाता छनौट भई सम्झौता सम्पन्न भएको छ । वर्दिवास-सिमरा रेलमार्गको

वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति भई ठेक्का सम्झौता सम्पन्न भएको छ । वन क्षेत्रमा नपर्ने स्थानमा संरचना निर्माण सुरु भएको छ ।

आयोजनाले भोग्नुपरेका समस्याहरु

वन क्षेत्रमा आयोजना निर्माण स्वीकृतिमा ढीलाई, जग्गा अधिग्रहण र रेखाकंन तथा मुआब्जा निर्धारणमा समस्या रहेको छ । यसैगरी दक्ष जनशक्तिको अभाव पनि रहेको छ ।

**१५. हुलाकी लोकमार्ग**

हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा झापा केचनादेखि पश्चिममा कंचनपुर दोधारा चाँदनीसम्मको भू-भाग ओगटेको छ । यस आयोजनाको कूल लागत करिव २५ अर्व लाग्ने अनुमान छ जुन नेपाल सरकार तथा भारत सरकारबाट प्राप्त हुने १२ अर्व अनुदान रकमवाट व्यहोरिने छ । आ.व. २०६३/६४ मा शुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अपेक्षा गरिएको यस आयोजनाको अन्त्यमा कूल १६६३ कि.मि. कालोपत्रे सडक र १२५ वटा पूलहरुको निर्माण हुने अनुमान छ । यस आयोजनाका लागि आ.व.२०७२/७३ मा रु.३१७ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थितिः

आयोजनाको आ.व.२०७२/७३ मा भौतिक प्रगति ३७.१ प्रतिशत र वित्तीय प्रगति १०.२ प्रतिशत रहेको छ । गत आ.व.को अन्त्यसम्ममा यस आयोजनाअन्तर्गत ३३ कि.मी. कालोपत्रे गर्नुका साथै ८ वटा पूल निर्माणको कार्य सम्पन्न भएको छ ।

आयोजनाले भोग्नुपरेका समस्याहरु

आयोजनाको मुख्य समस्याहरुमा पूल निर्माणका लागि बजेट न्यून रहेको, निर्माण सामग्रीको अभाव, मुआब्जा वितरणमा समस्या, भारतीय ठेकेदारद्वारा निर्माण कार्य नभएको र स्थानीयहरुद्वारा रेखांकनमा बिवाद आदि रहेका छन् ।

**१६.उत्तर दक्षिण (कोशी) लोकमार्ग**

यो आयोजनाले तेहथुम जिल्लाको वसन्तपुरदेखि मुलुकको उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । उक्त १६२ कि.मी. सडकमध्ये ५० कि.मी. मा यातायात चालू छ । यस वाहेक ७७ कि.मी. ग्राभेल सडक रहेको छ । आ.व.२०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुनः म्याद थप गरी आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाको कूल लागत रु.७५० करोड लाग्ने अनुमान छ । आ.व. २०७२/७३ मा उत्तर दक्षिण लोकमार्ग (कोशी करिडर) का लागि रु.१८ करोड विनियोजन गरिएको छ ।

**वार्षिक प्रगति स्थिति**

यस आयोजनाको आ.व.२०७२/७३ मा भौतिक प्रगति ९८ प्रतिशत र वित्तीय प्रगति ९४ प्रतिशत भएको छ । गत आ.व.को अन्त्यसम्ममा किमांथाङका खांदवारी (२५ कि.मी.) को निर्माण कार्य भैरहेको छ भने खांदवारीदेखि

पाथिभरासम्मको ट्र्याक खोल्ने कार्य समेत भैरहेको छ । गत आ.व. मा विभिन्न खण्डमा गरी ७ कि.मी. Track opening, १२ कि.मि. Upgrading र ९ कि. मी. पक्की नाली निर्माण भएको छ ।

आयोजनाले झेल्नुपरेका समस्याहरु

यस आयोजनाको लागि चीनतर्फबाट उपकरणहरु र इन्धन ल्याउन रुट प्रमिट पाउन कठिनाई रहेको , बन क्षेत्रमा काम गर्न कठिनाई, कामदारको अभाव र रेखाङ्कनमा स्थानीयहरुसंगको विवाद जस्ता समस्या रहेको जनाएको छ ।

**१७. उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग**

यस आयोजनाले नवलपरासी, पाल्पा, तनहूँ, स्याङजा, गुल्मी, बाग्लुङ्ग, पर्वत र म्याग्दी जिल्ला समेटेको छ । कूल लम्बाई ४३५ कि.मी. रहेको यो आयोजना आ.व.२०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुन आ.व. २०७७/७८ मा सम्पन्न हुने गरी म्याद थपिएको छ । यस आयोजनामा कूल लागत रु.१० अर्व लाग्ने अनुमान गरिएको छ । चालू आ.व.मा यस आयोजनाको लागि रु.१८ करोड विनियोजन गरिएको र नेपाली सेनालाई छुट्टै वजेटको समेत व्यबस्था गरिएको छ । यस आयोजनाको आ.व. २०७१/७२ सम्ममा ४३५ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भइसकेको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको आ.व.२०७२/७३ मा भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत रहेको छ । यस आ.व.मा गैडाकोटदेखि पिपलडाँडासम्मको खण्डको ट्र्याक चौडा पार्ने र पाल्पाको रानीमहल खण्डमा ट्र्याक खोल्ने कार्य भैरहेको छ । गत आ.व. मा विभिन्न खण्डमा गरी २ कि.मी.ट्याक खोलेको र ३५ कि.मि. स्तरोन्नति भएको छ ।

आयोजनाले झेल्नुपरेका समस्याहरु

यस आयोजनाले कामदारको अभाव र रेखाङकनमा स्थानीयहरुसंगको विवाद र जस्ता समस्याहरु झेल्नु परिरहेको जनाएको छ ।

**१८. उत्तर दक्षिण (कर्णाली) लोकमार्ग**

यस आयोजना मार्फत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिब १९६ कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने अनुमान गरिएको छ । यस आयोजना आ.ब.२०६५/६६ देखि शुरु भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुनः आ.व. २०८०/८१ मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ । यो आयोजनाको कूल लागत रु.११ अर्व रहेको छ । यस आयोजनाका लागि चालू आ.व.मा रु.१० करोड विनियोजन गरिएको र नेपाली सेनालाई छुट्टै वजेटको समेत व्यबस्था गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको भौतिक प्रगति ९२ प्रतिशत र वित्तीय प्रगति ९० प्रतिशत रहेको छ । गत आ.व.मा सडक विभागद्धारा (हिल्सा सिमिकोट तर्फ) २० कि.मी. नयां ट्र्याक खोलिएको छ र नेपाली सेनाद्वारा (खुलालु लैफु सिमिकोटतर्फ) ८ कि.मी. नयां ट्र्याक खोलिएको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु

यस आयोजनामा भौगोलिक बिकटताले गर्दा कार्यान्वयनमा कठिनाइ हुनुका साथै सञ्चारको समेत समस्या रहेको जनाइएको छ ।

**१९. काठमाण्डौ तराई-मधेस द्रुतमार्ग**

यस आयोजनाले राजधानी काठमाण्डौलाई तराइसँग जोड्ने द्रुत गतिको मार्ग निर्माण गर्ने लक्ष्य लिएको छ । आ.व.२०६४/६५ मा शुरु भई २०७५ मा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कूल लागत रु.१११ अर्ब रहने अनुमान गरिएको छ । आ.व.२०७२/७३ मा यस आयोजनामा रु.१ अर्ब ७२ करोड विनियोजन गरिएको छ । आ.व. २०७१/७२ असारसम्ममा कूल लम्बाईमध्ये ७० कि.मी. को जग्गा अधिग्रहण गरिएको र बाँकी ६ कि.मी. अधिग्रहणको प्रक्रियामा रहेको छ ।

वार्षिक प्रगति स्थिति

यस आयोजनाको आ.व.२०७२/७३ को भौतिक प्रगति ७.८ प्रतिशत र वित्तीय प्रगति ५४.३ प्रतिशत रहेको छ । विनियोजित बजेट जग्गा अधिग्रहणमा खर्च भएकोले ५४.३ प्रतिशत वित्तीय प्रगति भएको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु

सर्वोच्च अदालतबाट आयोजना कार्यान्वयन यथास्थितिमा राख्ने अन्तरिम आदेश जारी भएकोले गत आ.व. मा लामो समय निर्माण कार्य रोकिएको, जग्गा अधिग्रहणमा समस्या, मुआब्जा विवाद र स्थानीयद्वारा रेखाङ्कनमा हुने विवाद मुख्य समस्याको रुपमा रहेका छन् ।

**२०. मेलम्ची खानेपानी आयोजना**

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले ५ चरणमा गरी काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य लिएको छ । सिन्धुपाल्चोकको मेलम्चीबाट २६.५ कि.मी. सुरुङ्गमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी आपूर्ति गराउने लक्ष्य छ । आ.व. २०५८/५९ मा शुरु भई आ.व.२०६४/६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा तेस्रो पटक संशोधन गरी २०७३/७४ मा सम्पन्न गर्ने लक्ष्य छ । सन् २००८ को कूल लागत रु. ३१७३ करोडबाट सन् २०१४ मा रु.३५५४ करोड पुगेको छ । यसका लागि आ.व.२०७२/७३ मा कूल रु.४७५ करोड विनियोजन गरिएको छ ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको आ.व.२०७२/७३ को भौतिक प्रगति ९०.७ प्रतिशत र वित्तीय प्रगति ८०.९ प्रतिशत रहेको छ । यस आयोजनामा सुरुङ्ग कूल २७.६ कि.मी. बनाउनु पर्ने मध्ये गत आ.व.को अन्त्यसम्ममा १८.८ कि.मी. निर्माण भैसकेको छ । काठमाण्डौ उपत्यका एवम् मेलम्ची खानेपानी आयोजना क्षेत्रमा सडक निर्माण तथा पाइप बिछ्याउने कार्य भैरहेको छ । सुन्दरीजल स्थित पानी प्रशोधन केन्द्रको निर्माण कार्य भैरहेकोमा ९० प्रतिशत सम्पन्न भएको छ ।

आयोजनाले भोल्नुपरेका समस्याहरु

भूकम्प पश्चात् आयोजनाको सुरुङ निर्माणको कार्यमा केही समस्या परेको थियो भने इन्धन र निर्माण सामग्रीहरु समेत सहज नहुंदा प्रगतिमा नकारात्मक असर परेको छ । निर्माण व्यबसायीहरुबाट सुरुङ्ग निर्माण तथा पानी

प्रशोधन केन्द्रको निर्माण कार्यमा ढीलाई भएकोमा हाल सुरुङ्ग निर्माण कार्य दैनिक लक्ष्य अनुसार भैरहेको छ । यस आयोजनाको दोश्रो चरणका निमित्त स्रोतको सुनिश्चितता नभएको र आयोजनास्थलका स्थानीय वासिन्दाबाट पानी स्थानान्तरण वापतको लेभी (Levy) उपलब्ध गराउन माग गरिरहेको स्थिति छ ।

## २१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

नेपाल सरकारको पूर्ण लगानीमा संचालन हुने यो आयोजना २०६७/६८ बाट शुरु भएको र यसको कूल लागत ११५ करोड रहने अनुमान गरिएको छ । आ.व. २०७०/७१ देखिनै चुरेसँग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावोलकन गर्ने, उपल्लो तटीय वासिन्दावीच समूह संजालीकरण गर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने, विभिन्न प्रजातिका विरुवा उत्पादन गर्ने, चुरेको डंढेलो नियन्त्रण तथा बन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिव तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षरोपण गर्ने जस्ता कार्यक्रमहरु संचालन भएका छन् ।

वार्षिक प्रगति स्थिति :

यस आयोजनाको भौतिक प्रगति ९२ प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत रहेको छ । चुरे संरक्षण विधेयक तर्जुमा सम्बन्धमा अवधारणा पत्र तयारी कार्य अन्तिम चरणमा रहेको छ भने भूकम्प पश्चात् पुनःनिर्माण कार्यमा काठ दाउराको सहज आपूर्ति ब्यबस्थाका लागि चुरे क्षेत्रको दीर्घकालिन गुरुयोजना नआउँदासम्मका लागि यस क्षेत्रका सामुदायिक वनहरुबाट काठ दाउरा संकलन गर्ने ब्यबस्था गरिएको छ । यस कार्यक्रमका लागि आ.व.२०७२/७३ मा रु. १९७ करोड विनियोजन गरिएको छ । यस आयोजनाले भोग्नुपरेका समस्याहरुको बारेमा जानकारी प्राप्त भएको छैन ।

# ३. पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(क) आ.व.२०७२/७३ का उपलब्धिहरु

- पुनर्निर्माण र पुनःस्थापनाको पाँचबर्षे योजनाको खाका तयार गरी २०७३ बैशाख ३० गते सार्वजनिक गर्नुका साथै सोको कार्ययोजना र स्थानीय योजनामा आन्तरिकीकरणको कार्य शुरु भैसकेको छ ।
- भूकम्पबाट क्षतिग्रस्त भएका ४७५ वटा बस्तीमध्ये ११७ वटा बस्तीको भौगर्भिक अध्ययन भई सकेको छ । अध्ययन गरिएका ११७ मध्ये ५६ बस्तीहरु स्थानान्तरण गर्नुपर्ने देखिएकोले सो सम्बन्धमा शहरी विकास मन्त्रालयबाट कार्य भैरहेको छ ।
- हालसम्म राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त १४० परियोजना प्रस्तावहरु स्वीकृत भै ११४ सँग सम्झौता समेत भएको छ । यसबाट कुल ४२ अर्ब २८ करोड बराबरको स्रोत परिचालन हुनेछ ।
- निजी आवास अनुदान बितरणका लागि ५९ वटा बैक तथा वित्तीय संस्थाहरुसँग आवास अनुदानको रकम बैक खातामार्फत बितरण गर्ने सम्झौता भई अनुदान वितरण जारी रहेको छ ।
- काठमाडौ उपत्यकाभित्र बुङ्गमति बाहेक करिब ७८,००० परिवारको भेरिफिकेसन सर्वेक्षण भैसकेको छ ।
- गुनासो सुनुवाईका लागि प्राधिकरणको केन्द्रीय कार्यालयमा आउनु पर्ने गुनासोहरुका हकमा क्षतिको मूल्याङ्कन गर्न तालिम प्राप्त इन्जिनियरहरुको टोली परिचालन गरिएको छ ।
- सामूहिक आवास निर्माणतर्फ सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईबाट भूकम्प प्रभावित ११ जिल्लाको ५० स्थानमा ७५६ परिवार बस्न मिल्ने सामुहिक आवास भवन निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको छ । त्यसैगरी नेपाली सेनाबाट भूकम्प प्रभावित ११ जिल्लाका ३६ स्थानमा ४६८ युनिट सामुहिक आवास भवन निर्माण भएको छ । यसरी तयार गरिएका सामुहिक आवासहरुको व्यवस्थापन तथा मर्मत सम्भार र उपयोगको जिम्मा स्थानीय विपद् व्यवस्थापन समितिसँगको समन्वयमा जिल्ला दैवी प्रकोप उध्दार समितिले गर्ने छन ।

## (ख) आ.व.२०७२/७३ को विनियोजित बजेट तथा खर्चको अवस्थाः-

- पुनर्निर्माणका लागि विनियोजित रु.७२ अर्ब २२ करोड मध्ये रु.३८ अर्ब ३६ करोड सम्बन्धित मन्त्रालयतर्फ नै कार्यक्रम स्वीकृत भै अर्थ मन्त्रालयबाटै अख्तियारी गएको छ । त्यसमध्ये पूँजीगततर्फ भवन निर्माण र सार्वजनिक निर्माणको लागि रु.१२ अर्ब १९करोड र र चालूतर्फ कार्यक्रम खर्च र व्यक्ति तथा संस्थालाई अनुदानका लागि रु. २६ अर्ब १६ करोड मन्त्रालयहरुलाई अख्तियारी दिइएको छ ।
- प्राप्त अख्तियारीमध्ये बैदेशिक स्रोततर्फको ठूलो हिस्सा खर्च हुन सकेन भने नेपाल सरकारतर्फको जम्मा रू. ६ अर्ब ६६ करोड मध्ये रू. ६ अर्ब ६० करोडको कार्यक्रम स्वीकृत गरी बिभिन्न निकायहरूलाई प्राधिकरणबाट रकम निकासा गरिएको छ ।

- प्राधिकरणको आन्तरिक बजेट रू. अर्ब ७ करोड रहेकोमा चालूतर्फ ६५ प्रतिशत र पूँजीगतमा ७७ प्रतिशत खर्च भएको छ।
- प्राधिकरणबाट दिइएको अख्तियारीको निकायगत विवरण र प्रगति

| सि.नं. | मन्त्रालय | बजेट रू. हजारमा | | जम्मा |
|---|---|---|---|---|
| | | चालू | पूँजीगत | |
| १. | शहरी विकास | २६५२३० | ८२००७६ | १०८५३०६ |
| २. | शिक्षा | १०५६३ | २२२०४२६ | २२३०९८९ |
| ३. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | २२१६३ | ४६६२०० | ४८८३६३ |
| ४. | रक्षा | ० | ८०८८१६ | ८०८८१६ |
| ५. | कृषि विकास | ७१३०० | ० | ७१३०० |
| ६. | सिंचाई | ० | ६१००० | ६१००० |
| ७. | पशुपन्छी विकास | ५५२०० | ० | ५५२०० |
| ८. | संघीय मामिला तथा स्थानीय विकास | १२८६७८०४ | ६३३३३० | १३५०११३४ |
| ९. | भौतिक पूर्वाधार तथा यातायात | १८०० | ७२२५०६ | ७२४३०६ |
| १०. | वन तथा भू संरक्षण | १००० | २३२८०० | २३३८०० |
| ११. | खानेपानी तथा सरसफाई | ० | ८४१६८४० | ८४१६८४० |
| | जम्मा | १३२९५०६० | १४३८१९९४ | २७६७७०५४ |

- विभिन्न निकायबाट पुनर्निर्माणको कार्यमा भएको प्रगति विवरण देहाय बमोजिम रहेको छ।

| सि. नं. | मन्त्रालय | कार्यक्रम | प्रगति प्रतिशत | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय |
| १. | शहरी विकास | चालू | - | ३९ |
| | | पूँजीगत | - | २७ |
| २. | शिक्षा | भवन निर्माण | ४५ | १३.५ |
| | | कार्यक्रम खर्च | ९३ | ९३ |
| ३. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | सम्पदा निर्माण | २७.६ | १७ |
| | | पदमार्ग | १९.१ | ३३ |
| ४. | रक्षा | विभिन्न ब्यारेक तथा सामुहिक आवास निर्माण | ८० | ६० |
| ५. | कृषि विकास | कृषक राहत कार्यक्रम | ९६.८ | ९१.७ |
| ६. | सिंचाइ | नहर प्रणाली तथा संरचनाहरुको मर्मत संभार | ७३ | ७६.८ |
| | | जल उत्पन्न प्रकोप नियन्त्रण | ८५ | ८५ |
| ७. | पशुपन्छी विकास | | ७५.९ | ७३.७ |
| ८. | संघीय मामिला तथा स्थानीय | पूँजीगत | ० | ३.९ |
| | | चालू | ० | ७० |

| | | | | |
|---|---|---|---|---|
| | विकास | लाभग्राहीलाई अनुदान | ० | १२ |
| | | कार्यालय संचालन खर्च | ० | ३५.४ |
| ९. | भौतिक पूर्वाधार तथा यातायात | अरनिको राजमार्ग | २० | ० |
| | | आयोजना निर्देशनालय | ० | ३.१ |
| १०. | वन तथा भू संरक्षण | जलाधार संरक्षण | ९९.१ | ८८.८ |
| | | पदमार्ग पुनर्निर्माण | ७५ | ६६.५ |
| | | सुरक्षा पोष्ट पुनर्निर्माण | ८० | ६० |
| ११. | खानेपानी तथा सरसफाई | खानेपानी संरचनाको पुनर्निर्माण | ७०.३ | ६७.९ |

## (ग) कार्यान्वयनमा देखिएका समस्याहरुः-

१. क्षेत्रगत निकायबाट प्रस्ताव भए बमोजिमका कार्यक्रमका लागि उपयुक्त स्रोतबाट माग अनुसारको बजेट व्यवस्था गर्न सकिएको छैन । कार्यक्रम पेश हुँदा पनि क्रियाकलाप र स्रोतबीचको तालमेल मिलाउन सकिएको छैन ।

२. बिभिन्न निकायले पुननिर्माणको कामलाई अतिरिक्त कामको रुपमा लिएको पाइएको छ ।

३. बजेटको स्रोत र प्राप्त अख्तियारी बमोजिम कार्यक्रमहरु समयमै प्राप्त हुन सकेको छैन ।

४. पुनर्निर्माणको कार्यका लागि सम्बध्द निकायहरुबाट अतिरिक्त सुविधा माग गरी कार्य अवरुध्द समेत गरिएको छ । बजेटको उपलब्ध स्रोत र अख्तियारी तत्काल कार्यक्रममा रुपान्तरित गरी कार्यान्वयनमा लैजान सकिएको छैन ।

५. विषय क्षेत्रगत मन्त्रालयको कार्यक्रम स्वीकृत भएर पनि अख्तियारी नलगेको । उदाहरणः शिक्षा मन्त्रालय, उद्योग मन्त्रालय आदिले अख्तियारी लेगका छैनन् ।

६. अख्तियारी दिइएको रकमको खर्च गर्ने क्षमता कमजोर रहेको छ । करिब २६ अर्बको अख्तियारी पठाइएकोमा खर्च निर्क कम रहेको छ ।

७. अख्तियारी र जिम्मेवारीसँगै कार्य सम्पादन सम्झौता गर्नुपर्नेमा सो हुन सकेको छैन ।

८. आवास पुनर्निर्माणका लागि सहुलियत ऋणको कार्यविधि हालसम्म नेपाल राष्ट्र बैङ्कले अनुदान कार्यविधि बमोजिम तादात्म्यता हुनेगरी जारी नगरेको कारणले समस्या भएको छ ।

९. पुनर्निर्माण कोष कार्यविधि जारी भएतापनि सोको कार्यान्वयन भएको छैन । गुनासो कार्यविधि समयमा स्वीकृत भएर पनि सो बमोजिम गुनासो सुनुवाईको जिम्मेवारी सम्बन्धित निकायहरुले हालसम्म पनि बहन गरेका गरेका छैनन् ।

१०. गैससहरुले स्थानीय निकायसँग पर्याप्त समन्वय गर्न खोजेका छैनन् ।

११. ग्रामीण क्षेत्रका लागि सुहाउँदो र कम लागतका घरको डिजाइन उपलब्ध गराउन सकिएको छैन ।

## (घ) समस्या समाधानका उपायहरु :-

१. राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई बिनियोजित रकम फ्रिज नहुने व्यवस्था गरिनुपर्ने ।

२. गा.वि.स. सचिवको पदपूर्ती नभएका गा.वि.स.हरुमा उनीहरुले गर्नुपर्ने पुनर्निर्माणसँग सम्बन्धित सबै कामहरु शहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाइबाट करार सेवामा खटाइएका ईन्जिनियरहरुबाट गराउने गरी नीतिगत व्यवस्था हुनुपर्ने ।

३. पुनर्निर्माणको कामका लागि विभिन्न निकायमा सिर्जना भएका अस्थायी दरबन्दीहरु परियोजना अवधिभरका लागि हुने गरी सृजना गर्ने निर्णय हुनुपर्ने ।

४. अख्तियारी र जिम्मेवारीसँगै कार्य सम्पादन सम्झौता गर्नुपर्ने ।

५. ३१ जिल्लामा पुनर्निर्माण र पुनःस्थापनामा कार्य गर्ने गैससहरुको परियोजना प्रस्ताव स्वीकृत गर्ने तथा अनुगमन गर्ने जिम्मा प्राधिकरणमा भए तापनि समाज कल्याण परिषद् र महिला बालवालिका तथा समाज कल्याण मन्त्रालयबाट समेत उही प्रस्तावमा छलफल गर्ने र स्वीकृत गर्ने गरिएकोले सोको अन्त्य गरी गैरसरकारी संस्था परिचालन कार्यविधि बमोजिम हुन समाज कल्याण परिषदलाई स्पष्ट निर्देशन हुनुपर्ने।

६. प्रोत्साहन भत्ताको निर्णय समयमै हुनुपर्ने ।

# ४. समितिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति स्थिति

## ४.१ समितिको ३५ औं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति:

| सि.नं. | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| १ | भवन निर्माण विभागबाट हुने सरकारी भवन निर्माण तथा मर्मत संभारकालागि अख्तियारी उक्त विभागमा पठाउँदा निर्माणसम्बन्धी ठेक्काखरिद प्रक्रिया, डिजाइन, इष्टिमेट आदि कार्यमा सजीलो हुने भएकाले यसरी अख्तियारी प्राप्तगर्ने सम्बन्धमा शहरी विकास मन्त्रालयले त्यस्ता निकायहरुसँग समन्वय गर्ने । | प्रगति प्राप्त नभएको । |
| २ | बहुवर्षीय आयोजनाहरुको ठेक्का व्यवस्थापनका लागि स्पष्ट नीति तथा मापदण्ड नभएकोले कार्यान्वयनमा समस्या देखापरेको हुँदा राष्ट्रिय योजना आयोगले मन्त्रालयहरुसँग समन्वय गरी २ महिना भित्र यस्तो मापदण्ड सहितको निर्देशिका प्रस्ताव गर्ने । | यस सम्बन्धी निर्देशिका आयोगबाट तयार भइसकेको । |
| ३ | सार्वजनिक निर्माणसँग सम्बद्ध ठेक्का कार्यको भुक्तानीमा अनावश्यक ढिलाई गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी सार्वजनिक निर्माणको भुक्तानी नियमित र नियन्त्रण गर्न विद्यमान कानुनमा संशोधन गर्ने वा विशेष कानूनको निर्माण गर्नुपर्ने हो अर्थ मन्त्रालयले ३ महिनाभित्र प्रस्ताव सहित अघि बढाउने । | सार्वजनिक खरिद ऐन संशोधन भै कार्यान्वयनमा आएको ( अर्थ मन्त्रालय) । |
| ४ | पहिचान गरिएका सम्भाव्य जलाशययुक्त जलविद्युत आयोजनाहरुलाई सडक लगायत अन्य विकास निर्माण तथा अव्यवस्थित बसोबासबाट अतिक्रमण हुननदिन बस्ती विकास लगायत पूर्वाधार निर्माण गर्दा सम्बद्ध निकायबीच सूचना आदान-प्रदानलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने तर्फ व्यवस्थित प्रणालीको विकास गरिनुपर्ने भएकाले उर्जा मन्त्रालयले यस सम्बन्धी कार्यविधि २ महिना भित्र तयार गर्ने । | सार्वजनिक निर्माणको कार्यसँग सरोकारवाला निकायहरुलाई पहिचान एवं अध्ययन भएका जलाशययुक्त आयोजनाहरुकोजि आइ एस नक्शा तयार गरी सम्बन्धित केन्द्रीय निकायहरुमा प्रतिवेदन पठाइसकेको (उर्जा मन्त्रालय) । |
| ५ | विभिन्न मन्त्रालय अन्तर्गत स्थानीय कार्यान्वयन तहमा विभिन्न पदहरु रिक्त रहँदा आयोजना कार्यान्वयन र सेवा प्रवाहमा समस्या परेकाले देहाय वमोजिम व्यवस्था गर्ने । (भौतिक पूर्वाधार तथा यातायात, सहकारी तथा गरिवी निवारण, कृषि विकास, संघीय मामिला तथा स्थानीय विकास, स्वास्थ्य)<br>(क) रिक्त पदहरु पूर्ति गर्नका लागि १५ दिन भित्र लोक सेवा आयोगमा माग पठाउने ।<br>(ख) केन्द्रबाट वा अन्य काम भएका निकायहरुबाट स्थानीय कार्यान्वयन तहमा काजमा कर्मचारीहरु खटाई कार्य | • रिक्त पद पूर्तिको लागि लोक सेवा आयोगमा लेखी पठाई सकिएको । लो.से.आ.बाट पदपूर्तिको कार्य भइरहेको ( भौतिक पूर्वाधार, उर्जा, कृषि, उद्योग मन्त्रालय)<br>• रिक्त हुन आएका दरवन्दीहरु पूर्तिका लागि लो.से.आ. मा माग आकृति फारामभरी पठाइने गरेको । राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण स्थानीय तहमा कर्मचारीको अभाव नहुने गरी कर्मचारीको काज तथा सरुवाको व्यवस्था मिलाइएको । (सामान्य प्रशासन मन्त्रालय) |

| | | |
|---|---|---|
| | संचालन गराउने ।<br>(ग) यसका निमित्त आबश्यक परेमा सामान्य प्रशासन मन्त्रालयबाट लोक सेवा आयोगलाई विशेष अनुरोध गर्ने । | ● ५०० जना पशु सेवा प्रावाधिक करारमा नियुक्ति गरी परिचालन गरिएको (पशुपंक्षी विकास मन्त्रालय) |
| ६ | धेरै सरकारी अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुको भवन निर्माण अधूरै रहेको पाइएकाले निर्माणाधीन स्वास्थ्य संस्थाहरुको संख्या, भवन निर्माण रोकिएको संख्या, निर्माण रोकिनुका कारणहरु र निर्माण व्यवसायीहरुलाई कार्वाही गरिएको भए सोको विवरण सहित सो निर्माण सम्पन्न गर्न आबश्यक रकम सम्बन्धमा शहरी विकास मन्त्रालय समेतको सहयोग लिई स्वास्थ्य मन्त्रालयले १ महिना भित्र अध्ययन गर्ने । | यस्तो विवरण तयार भइसकेको । अधुरा भवन निर्माणका लागि चालू आ.व.०७३/७४ मा कार्यक्रम राखिएको । |
| ७ | बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सीप सदुपयोग गराउन नसकिएकाले यस सम्बन्धमा श्रम तथा रोजगार मन्त्रालयले देहाय वमोजिम व्यवस्था गर्ने<br>(क) श्रम तथा रोजगार मन्त्रालय र गृह मन्त्रालयले यस सम्बन्धमा समन्वय गरी त्रिभुवन विमानस्थलको आगमन कक्षमा अभिलेख राख्ने व्यवस्था तुरुन्तै प्रारम्भ गर्ने ।<br>(ख) यस्ता व्यक्तिहरुलाई उनीहरुको इच्छा अनुसार आँफै व्यवसाय गर्न वा अन्य तरिकाबाट उनीहरुको क्षमता तथा सीपको सदुपयोग गर्न वजार पहूँचको व्यवस्था मिलाइ दिने । | • व्यक्तिगत रुपमा विदेश गई फर्किएर आएका कामदारलाई त्रि.वि मै आगमन कक्ष स्थापना गरी अभिलेख राख्न गृह मन्त्रालय, अध्यागमन विभागसँग समन्वय गरिएको ।<br>• पुनः श्रम स्वीकृति दिने व्यवस्था गर्न गृह मन्त्रालय, अध्यागमन विभागसँग समन्वय गरी UFEMIS नामक सफ्ठवेयर परिक्षणको रुपमा सञ्चालनमा ल्याइएको (श्रम तथा रोजगार मन्त्रालय) । |
| ८ | कतिपय विद्यालयमा विद्यार्थी संख्या अत्यन्त कम भएकाले विद्यालय गाभ्ने नीति अनुरुप भूकम्प प्रभावित क्षेत्रमा भत्किएका विद्यालय भवनहरु बनाउँदा वा नयाँ वस्तीको विकास गर्दा यसरी विद्यालय गाभ्ने विषयलाई पुनःनिर्माण प्राधिकरणसँग समेत समन्वय गरी शिक्षा मन्त्रालयले आबश्यक व्यवस्था मिलाउने । | • १५२०० अस्थायी सिकाइ केन्द्र निर्माण भएको र विद्यालय गाभ्ने नीति अनुसार कार्य भइरहेको ।<br>• १०,६८६ कक्षाकोठा निर्माण प्रक्रिया प्रारम्भ भएको ।<br>• गैरसरकारी संघसंस्थासँग भएको सम्झौताअनुसार ६,३१३ कक्षाकोठा निर्माण प्रक्रिया प्रारम्भ भएको । ADB र JICA को स्रोतबाट यस वर्ष १३ अर्ब ९७ करोड विद्यालय पुर्ननिर्माणमा खर्च गर्नसक्ने अवस्था रहेको (शिक्षा मन्त्रालय) । |
| ९ | वन क्षेत्र भित्र पर्ने रुख नभएका मानव वस्ती योग्य वन क्षेत्रमा वस्ती वसाउने र वस्ती वसाउन जोखिम युक्त देखिएका गैर वन क्षेत्रलाई वन क्षेत्रका रुपमा कायम गर्ने नीति लिई यो कार्य भूकम्प क्षेत्रको प्रभावित पुनःनिर्माण गर्दा देखि नै कार्यान्वयनमा ल्याउने । | यो कार्यको लागि गोरखा जिल्लाबाट सहमति माग भई आएकोमा मन्त्रालयबाट सहमति प्रदान गरिएको (वन तथा भूसंरक्षण मन्त्रालय) । |
| १० | मन्त्रालयहरुबाट कतिपय आयोजनाको अख्तियारी समयमा नजाँदा कार्यान्वयनमा ढीलाइ हुने गरेको पाइएकाले सबै विकास | जनसंख्या तथा वातावरण, भौतिक पूर्वाधार तथा यातायात, खानेपानी तथा सरसफाई, विज्ञान तथा प्रविधि, सहकारी तथा |

| | | |
|---|---|---|
| | आयोजना तथा कार्यालयहरुको अख्तियारी साउन १५ गतेभित्रै अनिवार्य रुपमा पठाउने । चालू आ.ब. का हकमा यस्तो कुनै अख्तियारी दिन बाँकी भएको भए ३ दिनभित्र अनिवार्य रुपमा सम्बद्ध कार्यान्वयन निकायलाई अख्तियारी प्रदान गर्ने । | गरिवी निवारण, उर्जा, कृषि विकास, पशुपन्छी विकास, शान्ति तथा पुनर्निर्माण, उद्योग र आपूर्ति मन्त्रालयले अख्तियारी समय मै पठाई सकिएको जानकारी दिएको । |
| ११ | बैदेशिक सहायता रकमको निकासा लिनु पर्ने आयोजनाले विकासका साझेदारहरुलाई पेश गर्नु पर्ने विवरणहरु समयमा बुझाउने, उनीहरुसँग गरिएका सम्झौता अनुरुपको तयारी पूरा गर्ने र बार्षिक रुपमा Nepal Portfolio Performance Review Meeting मा लिइएका निर्णय अनुरुप काम गर्ने व्यवस्था सम्बद्ध मन्त्रालयले मिलाई समयमा निकासा लिनु पर्ने । | जनसंख्या तथा वातावरण, भौतिक पूर्वाधार तथा यातायात, खानेपानी तथा सरसफाई, सहकारी तथा गरिवी निवारण, कृषि विकास, सिंचाइ, उद्योग र शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले पेश गर्नुपर्ने विवरणहरु समयमा बुझाई सम्झौता अनुरुप काम भैरहेको जानकारी दिएको । |
| १२ | कतिपय निकायहरुको कार्यक्रममा धेरै निकायबाट स्वीकृती लिनुपर्ने भएकाले ढीलाइ हुने गरेको हुँदा राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय र सम्बद्ध मन्त्रालयहरुसँग छलफल गरी एक महिना भित्र प्रक्रियाको सरलीकरण गर्ने । | यस सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया आयोगले निर्धारण गरिसकेको । |
| १३. | आवश्यक कानुनका अभावमा भूउपयोग नीति कार्यान्वयनमा आउन नसकेको सन्दर्भलाई मनन गरी मस्यौदा भइसकेको भूउपयोग विधेयकलाई आबश्यक प्रक्रिया पूरा गराई भूमिसुधार तथा व्यवस्था मन्त्रालयले ब्यबस्थापिका संसदमा दर्ता गराउने । | भू-उपयोग ऐनको मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भई मस्यौदा विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको लागि पठाइएको (भूमिसुधार तथा व्यवस्था मन्त्रालय) । |
| १४. | आयोजनाहरुका लागि वालुवा, गिट्टि जस्ता निर्माण सामग्रीको अभाव रहेको, कतिपय नदीहरुमा यस्ता सामग्रीहरु थुप्रिएर र अन्य कतिपय स्थानमा यस्ता सामग्रीको अत्यधिक दोहन हुँदा निर्मित संरचना र वस्ती जोखिममा रहेको सन्दर्भमा राष्ट्रिय योजना आयोगको नदी नियन्त्रण सम्बन्धी कार्य हेर्ने माननीय सदस्यको संयोजकत्वमा सिंचाइ, जनसंख्या तथा वातावरण, वन तथा भूसंरक्षण र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवहरु रहेको कार्यदलले एक महिना भित्र अध्ययन गरी सुझाव पेश गर्ने । | निर्णय नं. १६ अनुसार भएको । छुट्टै अध्ययन हुन नसकेको । |
| १५. | बृहत किसिमका जलविद्युत आयोजनाहरुलाई व्यावसायिक सिद्धान्त अनुसार कम्पनी ऐन अनुसार चलाउँदा स्थानीय पूँजी परिचालन र बाह्य स्रोतको खोजी समेत गर्न सजीलो हुने भएकाले उर्जा मन्त्रालयले यस वमोजिम गर्ने गरी आवश्यक व्यवस्था मिलाउने । | विद्युत उत्पादन कम्पनी स्थापना गर्न नेपाल सरकारबाट सैद्धान्तिक सहमति प्राप्त भएको साथै नेपाल सरकारको लगानीको लागि अर्थ मन्त्रालयको सहमति प्राप्त भई कम्पनी दर्ताको लागी मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने तयारी भैरहेको (उर्जा मन्त्रालय) । |
| १६. | विकास आयोजनाहरुका लागि आबश्यक ढुंगा गिट्टि तथा वालुवा जस्ता निर्माण सामग्रीहरु राष्ट्रिय निकुन्ज, चुरे क्षेत्र, वन | यस सम्बन्धमा चुरे क्षेत्र बाहेको क्षेत्रमा एकद्धार प्रणाली अनुसार सेवा प्रवाह गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को |

| | | |
|---|---|---|
| | क्षेत्र र स्थानीय स्वायत्त शासन ऐन वमोजिम स्थानीय निकायले ठेक्का लगाई निकाल्ने क्षेत्रबाट आयोजनाहरुले निकाल्न नपाउँदा निर्माण सामग्रीको अभाव रहेको र यसले अनावश्यक रुपमा खर्च पनि बढाइरहेको स्थिति रहेकोले आयोजनाले आफ्नै खर्चमा यस्ता सामग्रीहरु निकाल्न पाउने ब्यबस्था गर्न के गर्न सकिन्छ नेपाल सरकारका मुख्य सचिवले सम्बद्ध मन्त्रालयका सचिवहरु र अन्य निकायका पदाधिकारीहरुसँग समन्वय गरी सुझाव पेश गर्ने । | कार्यालयबाट निर्देशन भएकोले सो बमोजिम कार्य भैरहेको ( वन तथा भूसंरक्षण मन्त्रालय) । |
| १७. | स्रोत साधन सहित नगरपालिकाहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत रहेका र शहरी विकास सम्बन्धी विशेषज्ञ जनशक्ति शहरी विकास मन्त्रालयमा रहेकाले समन्वयमा समस्या रहेको हुँदा यसमा के गर्न सकिन्छ दुइवटै मन्त्रालयले आपसमा छलफल गरी अर्को बैठकमा सुझाव पेश गर्ने । | प्रगति प्राप्त नभएको । |
| १८. | भवन विभागबाट बनाउनुपर्ने सरकारी भवनहरुका लागि आबश्यक वजेट नहुँदा कतिपय भवनहरु अधूरो रहने गरेकाले वजेट छलफलकै क्रममा अर्को आ.ब. का लागि आवश्यक रकम कार्ययोजना सहित पेश गरी साधन सुनिश्चित गराउन शहरी विकास मन्त्रालयले समन्वय गर्ने । | राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको २०७३/०४/२० को पत्र मार्फत् २०७३/७४ का लागि कृषि विभाग अन्तर्गतका ६ वटा कार्यक्रम निर्देशनालयहरु, एउटा क्षेत्रीय कृषि निर्देशनालय र ३१ वटा जिल्ला कृषि विकास कार्यालयहरुको भौतिक निर्माणसम्बन्धी कार्यहरु शहरी विकास मन्त्रालयबाट सम्पन्न हुने गरी रु. ५० करोड १५ लाख ५० हजार बराबरको स्वीकृत कार्यक्रम प्राप्त भएको (कृषि विकास मन्त्रालय) ।<br>भवन निर्माण सम्बन्धमा शहरी विकास  मन्त्रालयसँग समन्वय गरी अख्तियारी दिई कार्य अगाडी बढाइएको (उद्योग मन्त्रालय) । |

४.२ समितिको ३६ औ बैठकमा भएका निर्णयहरुको कार्यान्वयन स्थिति:

| सि.नं. | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| १ | जिल्ला सडक सञ्जालमा पर्ने सडक र पूलहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई प्राविधिक जनशक्ति र उपकरण सहित हस्तान्तरण गर्ने । राष्ट्रिय यातायात नीति अनुरुप रणनैतिक सडक र पुलहरुको निर्माण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट गर्ने । नगर क्षेत्रभित्रका सडकहरुको निर्माण गर्ने जिम्मेवारी सहित बजेट सम्बन्धित नगरपालिकामा हस्तान्तरण गर्ने । | राष्ट्रिय यातायात नीति, २०५८ अनुरुप रणनैतिक सडक र पुलहरुको निर्माण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट गर्ने गरिएको (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) ।<br>आर्थिक केन्द्र  तथा दुई जिल्ला जोड्ने सडक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा हस्तान्तरण भई आएको र थप विषयमा कुनै प्रगति नभएको (संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय) । |
| २ | कतिपय विकास आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण नमिलेको भन्ने विषय केही मन्त्रालयहरुबाट उठ्ने गरेकाले राष्ट्रिय योजना आयोगबाट निर्धारित प्राथमिकीकरणका आधारहरु अन्तर्गत रही सम्बद्ध निकायले पुन:प्राथमिकीकरण गरी ३ दिनभित्र आयोगमा पठाउने र आयोगले पुनरावलोकन गरी आगामी आ.ब. को वजेटमा नै प्राथमिकीकरण संशोधन हुने व्यवस्था मिलाउने । | कार्यक्रमहरुको प्रकृति हेर्दा समान रहेको देखिएकोले P1 का मौसम पूर्वानुमान कार्यक्रम, हावापानी विज्ञान कार्यक्रम, जलविज्ञान कार्यक्रम र P2 को वाढी भविश्यवाणी कार्यक्रम गरी ४ वटा कार्यक्रमलाई एकिकृत गरी P1 को एउटै कार्यक्रम कायम भएको (जनसंख्या तथा वातावरण मन्त्रालय) ।<br>पुन प्राथमिकरण गरि सकिएको (महिला, बालबालिका तथा समाजकल्याण) ।<br>मन्त्रालय मातहतका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरणमा समस्या नभएको (कृषि विकास मन्त्रालय) ।<br>सुनसरी मोरङ्ग सिंचाइ आयोजना चालु आ.व. देखी P2 बाट P1 मा स्तरोन्नती भई कार्यान्वयनको अवस्था रहेको (सिंचाइ मन्त्रालय) ।<br>प्राथमिकता निर्धारण गरी रा.यो.आ.मा पठाएको भएतापनि बजेट कार्यक्रम साविककै प्राथमिकतामा परेको (संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय) । |
| ३ | मुक्त कमैया र मुक्त हलियाको पुन:स्थापना गर्ने कार्य निकै लामो समयदेखि टुंगिन नसकिरहेको हुँदा भूमि सुधार तथा व्यवस्थामन्त्रालयले आबश्यक कार्यक्रम तथा वजेट प्रस्ताव गरी आ.ब. २०७३/७४ भित्रै पुन:स्थापना कार्य सम्पन्न गर्ने । यसैगरी मध्य तराईमा रहेका हरुवाचरुवाहरुको मुक्तिकालागि पनि कार्यक्रम अघि बढाउने । | चालू आ.व. २०७३/७४ मा मुक्त हलियाका कार्यक्रम सम्पन्न भई ६ जिल्लामा मुक्त कमैयाको कार्यक्रम समेत सम्पन्न गर्ने कार्यक्रम रहेको छ। हरुवा चरुवाको लगत लिन बजेट व्यवस्था भई कार्यक्रम अघि बढिरहेको (भूमि सुधार तथा व्यवस्था मन्त्रालय) । |
| ४ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको शान्तिका लागि विकास कार्यक्रममा नयाँ आयोजना थप गर्नु भन्दा क्रमागत आयोजना सम्पन्न गर्न प्राथमिकता दिने । | क्रमागत आयोजनालाई प्राथमिकता दिइएको (शान्ति तथा पुनर्निर्माण मन्त्रालय) । |

| | | |
|---|---|---|
| ५ | श्रम तथा रोजगार सूचना केन्द्रहरु प्रभावकारी हुन नसकेकाले श्रम तथा रोजगार मन्त्रालयले २ महिनाभित्र स्पष्ट कार्ययोजना सहित प्रभावकारी रुपमा रोजगारदाता र वेरोजगार व्यक्तिहरुवीच सूचना आदान प्रदान गर्न ती कार्यालयहरुलाई सुदृढ गरी परिचालन गर्ने । | यस सम्बन्धमा प्रगति हुन नसकेको जानकारी श्रम तथा रोजगार मन्त्रालयबाट दिइएको । |
| ६ | विभिन्न निकायबाट सञ्चालित तालिममा दोहोरोपना रहेको र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिले तालिम कोष खडा गरी सबै तालीमको श्रोत परिचालन र सञ्चालन गर्ने व्यवस्था गरेको सन्दर्भमा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने माननीय सदस्यको संयोजकत्वमा शिक्षा, उद्योग, संस्कृति तथा पर्यटन र श्रम तथा रोजगार मन्त्रालयका सचिवहरु सदस्य र आयोगको सचिवालयको शिक्षा हेर्ने सहसचिव सदस्य सचिव रहेको कार्यदल गठन गरी आगामी आ.ब. मै सुधार गर्न सकिने विषयहरु २ हप्ताभित्र र अन्य विस्तृत नीतिगत तथा संस्थागत व्यवस्था सम्बन्धी सुझाव २ महिना भित्र लिई कार्यान्वयन गर्ने । | • राष्ट्रिय योजना आयोगको शिक्षा हेर्ने मा. सदस्यको संयोजकत्वमा कार्यदल गठन भइ प्रारम्भिक प्रतिवेदन दिएको ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति समन्वय समितिको बैठक बसी दोहोरोपना कम गर्न विभिन्न चरणमा छलफलहरु गरिएको ।<br>• कार्यदलले तालिमको दोहोरोपन हटाउन र स्रोत परिचालन सम्बन्धमा विस्तृत नीतिगत तथा संस्थागत सुधार सम्बन्धी विस्तृत अध्ययन गरिरहेको । |
| ७ | विषयगत मन्त्रालयहरुले हाल संचालित आयोजनाको वर्गीकरण गरी स्थानीय तहबाट कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रम बजेट र मार्गदर्शन उपलब्ध गराई स्थानीय तहबाटै कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । | ग्रामीण खानेपानी आयोजना, खानेपानी तथा सरसफाई कार्यक्रम, उच्च/मध्यम स्तरीय खानेपानी आयोजना, तेस्रो साना सहरी खानेपानी आयोजना, खानेपानी तथा सरसफाई सहलगानी कार्यक्रम, सुख्खा क्षेत्र खानेपानी आयोजना, अन्तर्गतका सम्पूर्ण आयोजनाहरुमा उपभोक्ताहरुको योगदान, सहभागिता र संचालन अनिवार्य बनाईएको (खानेपानी तथा सरसफाई मन्त्रालय) ।<br>यस मन्त्रालय अन्तर्गतको गरीव लक्षित पुर्नउत्थान आयोजना ललितपुर उप महानगरपालिकाबाट संचालनमा रहेको (सहरी विकास मन्त्रालय) ।<br>मन्त्रालयको अधिकतम कार्यक्रमहरु महिला तथा बालबालिका कार्यालय मार्फत संचालन भैरहेको (महिला, बालबालिका तथा समाजकल्याण) ।<br>निक्षेपित कार्यक्रमहरुलाई स्थानीय तहवाटै संचालन गर्ने कार्यलाई निरन्तरता दिँदै आ.व.२०७२/७३ देखि स्वीस सहयोगमा सन्चालित घरबारी बगैंचा कार्यक्रमलाई २०जिल्लामा निक्षेपित कार्यक्रमका रुपमा सन्चालन गरिएको र समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना पनि |

| | | |
|---|---|---|
| | | जिल्लास्तरबाटै कार्यक्रम स्वीकृत भै सन्चालन हुने गरेको (कृषि विकास मन्त्रालय) ।<br>स्थानियतहबाट कार्यान्वयन गर्न सकिने आयोजना र कार्यक्रम सोही तहवाट गराउन आ.व. २०७३/०७४ को वजेट अख्तियारी पठाउँदा कूल बजेटको करिव ७० प्रतिशत जिल्लास्तरवाटै कार्यान्वयन गराउने व्यवस्था मिलाइएको (पशुपन्छी विकास मन्त्रालय) ।<br>मन्त्रालय अन्तर्गत संस्कृति प्रवर्द्धन तर्फका सवै जिल्लास्तरीय कार्यक्रमहरु र ७ वटा पर्यटन कार्यालयहरुले नसमेटेका जिल्लाहरुमा संचालन हुने कार्यक्रमका लागि सम्वन्धित जिल्ला विकास समितिलाई अख्तियारी पठाउने गरेको (संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय) । |
| ८ | सूचनातथा सञ्चार मन्त्रालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी श्रोत, साधन, जिम्मेवारी र उत्तरदायित्व सहित टेलिसेन्टर र अतिरिक्त हुलाकको निक्षेपण गर्ने । | हुलाक टेलिसेन्टर र अतिरिक्त हुलाकको निक्षेपण गर्ने सम्बन्धमा अवधारणा तयार गरी अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगमा सहमतिको लागि पठाइएको (सूचना तथा संचार मन्त्रालय) । |
| ९ | सुरक्षण मुद्रण स्थापनासम्बन्धी कार्यक्रम कार्यान्वयनमा आउन नसक्नुका कारणहरु समीक्षा गरी उपयुक्त संरचना र कानूनी व्यवस्था तथा व्यावहारिक कार्ययोजना सहित सुरक्षण मुद्रण स्थापनागर्ने कार्य तुरुन्तै प्रारम्भ गर्ने । | सुरक्षण मुद्रण सम्बन्धी कार्य गर्न विद्यमान संरचना, कानुनी व्यवस्थाबाट कठिन हुने देखिएकोले सुरक्षण मुद्रणसम्बन्धी कार्य प्रभावकारी रुपमा सञ्चालन गर्न सुरक्षण मुद्रण विकास समिति(गठन) आदेश २०७३, मिति २०७३/०४/०५ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गरी सुरक्षण मुद्रणसम्बन्धी कार्य अघि बढाइएको (सूचना तथा संचार मन्त्रालय) । |
| १० | सिंचाइ हुने कृषि भूमि अन्य प्रयोगमा जाने क्रमजारी रहेको सन्दर्भमा कृषि जमिनको खण्डीकरण तथा अन्य उपयोगलाई निरुत्साहित गर्न भू-उपयोग नीति र सिंचाइ नीति २०७० प्रभावकारी रुपमा लागू गर्न सम्वद्ध सबै निकायहरुले कार्यक्रम राखी कार्यान्वयन गर्ने । | भू-उपयोग नीति, २०७२ स्वीकृत भई ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको । ऐन निर्माण पश्चात लागू गरिने (भूमि सुधार तथा व्यवस्था मन्त्रालय) ।<br>कृषियोग्य भूमिको गैर कृषि प्रयोग र परिवर्तनलाई निरुत्साहित गरी कृषि क्षेत्रलाई संरक्षण र संवर्द्धन गर्न कानून बमोजिम अनुदान सहुलियत तथा क्षतिपूर्ति दिईने व्यवस्था भए अनुरुप कृषि क्षेत्रमा वर्गीकृत जग्गा मनासिब कारण बेगर बाँझो राख्न नपाईने व्यवस्था सहित खेतीयोग्य बाँझो जग्गालाई उपयोग गर्नेसम्बन्धी कार्यविधि २०७२ स्वीकृत भई लागू गरिएको ।<br>कृषि क्षेत्रमा वर्गीकृत जग्गालाई चक्लाबन्दी गरी विशिष्टिकृत क्षेत्रका लागि उपयुक्त विशिष्टिकृत वस्तुहरुको व्यावसायिक |

| | | |
|---|---|---|
| | | खेतीलाई प्रोत्साहन गर्न आ.व. २०७३/७४ बाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सन्चालन हुने (कृषि बिकास मन्त्रालय) । |
| ११ | जनता आवास कार्यक्रम अन्तर्गत लाभग्राहीको आफ्नै नाउँमा जग्गा नभएको कारणले कार्यान्वयनमा समस्या परेको देखिएकाले लक्षित वर्गका परिवारको नाममा जग्गा नभए पनि हाल जहाँ जुन अबस्थामा वसोवास गरिरहेका छन् त्यहींनै आवास वनाइदिने व्यवस्था मिलाउने । | यस अनुसार कार्य गरे पनि  पूर्ण रुपमा समस्या समाधान भई नसकेको । बनक्षेत्रको जग्गामा आवास बनाउँदा सिफारिस प्राप्त नभएकोले समस्या रहेको (सहरी विकास मन्त्रालय) । |
| १२ | आपूर्ति व्यवस्थालाई सहज र व्यवस्थित बनाउन तथा बढ्दो व्यापार घाटालाई कम गर्नका लागि वाणिज्य नीति, २०७२ र आपूर्ति नीति २०६९सँग सम्बन्धित नीति तथा रणनीतिहरुको कार्यान्वयनमा सम्बद्ध सबै मन्त्रालयहरुले सहयोग पुर्‍याउने । यसैगरी इन्धन लगायत अत्याबश्यक वस्तुहरुको भण्डारण क्षमता बृद्धि गर्न आगामी आ.ब.मा प्राथमिकताका साथ कार्यक्रम राख्ने । | औद्योगिक व्यवसाय ऐन र विशेष आर्थिक क्षेत्रसम्बन्धी विधेयक संसदमा टेबुल भएको । बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी नीति, खानी तथा खनिज पदार्थ सम्बन्धी नीति, नेपाल एक्रिडिटेशन परिषद् ऐन, औद्योगिक व्यवसाय नियमावली, विशेष आर्थिक क्षेत्र नियमावली, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको रणनीतिक योजना र कार्यान्वयन निर्देशिका, नेपाल गुणस्तर ऐन र नियमावली, कम्पनी ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा समायानुकूल परिमार्जन गर्ने कार्य अगाडि बढाइएको (उद्योग मन्त्रालय) ।<br>पेट्रोलियम पदार्थको भण्डारण क्षमता वृद्धिका सम्बन्धमा प्रारम्भिक अवधारणापत्र तयार भई राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग राय माग गरिएको । अत्यावश्यक वस्तुहरुको भण्डारण क्षमता वृद्धि लगायतका विषयहरु चालू आ.व.को कार्यक्रममा प्राथमिकताका साथ राखिएको (आपूर्ति मन्त्रालय) । |
| १३ | वन क्षेत्रको अतिक्रमण रोकी वनको सुरक्षा, संरक्षण र सदुपयोग गर्न वन तथा भू-संरक्षण मन्त्रालय सक्रियताका साथ लाग्ने । अतिक्रमण रोक्ने कार्य राजनीतिक विषय पनि भएकाले राजनीतिक तहमा सहमति जुटाउन पहल गर्ने । | देशभरीमा १६३७.५५ हेक्टर वन अतिक्रमण हटाइएको वन तथा भू-संरक्षण मन्त्रालय) । |
| १४ | महाकाली सिंचाइ आयोजना (तेस्रो चरण) निर्माणको क्रममा रहेकोमा उक्त आयोजना क्षेत्रमा लामो समयदेखि ऐलानी, पर्ती जग्गामा वसेका र फिल्डबुकमा नाम भएका तर जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई क्षतिपूर्ति रकम प्रदान गरी काम अघि बढाउन आवश्यक भएकोले यस सम्बन्धमा सिंचाइ मन्त्रालयले उल्लिखित व्यवस्था सहित आयोजनाको काम छिटोछरितो संचालन गर्ने व्यवस्था मिलाउने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने । | यस सम्बन्धमा २०७२/१/३० को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट समस्या सम्बोधन भएको (सिंचाइ मन्त्रालय) । |

| | | |
|---|---|---|
| १५ | पुन:निर्माणका सम्बन्धमा देहाय वमोजिम गर्ने ।<br>(क) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले स्रोत तथा खर्च शीर्षक मिलान गर्नुपर्ने भए अर्थ मन्त्रालयको सहमति लिई तुरुन्त मन्त्रालय/निकायहरुलाई अख्तियारी पठाउने ।<br>(ख) मन्त्रालय/निकायहरुले चालू आ.ब.को बाँकी अबधिमा सम्पन्न गर्न सकिने कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन र आगामी आ.ब.मा संचालन गर्ने पुन:निर्माणसम्बन्धी कार्यक्रम तथा वजेट यथाशीघ्र प्राधिकरणमा पेश गर्ने । | गत आ.व.मा यस अनुसार कार्य भइसकेको ।<br>चालू आ.व.को लागि रु ३० करोडको कार्यक्रम  प्रस्ताव गरी स्वीकृतिको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पेश गरिएको (जनसंख्या तथा वातावरण मन्त्रालय) ।<br>यस मन्त्रालय अन्तर्गतका पुनर्निर्माणसम्बन्धी कार्यक्रम श्रावण महिनामै पेश गरी सकिएको (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) ।<br>समय मै प्रकृया अगाडि बढेको (खानेपानी तथा सरसफाई मन्त्रालय) ।<br>पुनर्निर्माणसम्बन्धी छुट्टै इकाइ गठन गरी जिम्मेवारी प्रदान भएको र आवश्यक बजेट तथा कार्यक्रम तयार गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पेश गरिएको (शिक्षा मन्त्रालय) ।<br>भूकम्प आपतकालीन सहायता कार्यक्रमको चालू आ.व.को कार्यक्रम स्वीकृत भै कार्यान्वयनको चरणमा रहेको । ६ लाख घरधुरीसंग निजी आवासीय भवन निर्माणको प्रथम किस्ता भुक्तानी दिने कार्ययोजना रहेको (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय) ।<br>विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता भई हालसम्म १०४ वटा सम्पन्न र २५५ वटा पुननिर्माण कार्य चालू अवस्थामा रहेको । चालू आ.व. ७३/७४ मा संचालन गर्नुपर्ने पुन:निर्माण सम्वन्धी कार्यक्रम र वजेट प्रधिकरणमा पेश गरेको । अति प्रभावित १४ जिल्लामा अस्पताल ८, प्रा.स्वा.के.४, स्वा.चौ. १९० र कम प्रभावित १७ वटा जिल्लामा ११० स्वास्थ्य संस्थाका लागि करिव २ अर्व ५० करोड विनियोजन भएको (स्वास्थ्य मन्त्रालय) ।<br>कार्यक्रम र बजेट पेश गरिएको (महिला, बालबालिका तथा समाजकल्याण) ।<br>राष्ट्रिय पुन:निर्माण प्राधिकरणको २०७३/०४/२० को पत्र मार्फत् आ.व.२०७३/७४ का लागि कृषि विभाग अन्तर्गतका ६ वटा कार्यक्रम निर्देशनालयहरु, एउटा क्षेत्रीय कृषि निर्देशनालय र ३१ वटा जिल्ला कृषि विकास कार्यालयहरुको भौतिक निर्माण सम्बन्धी कार्यहरु शहरी विकास मन्त्रालयबाट सम्पन्न हुनेगरी रु. ५० करोड १५ लाख ५० हजार बराबरको स्वीकृत कार्यक्रम प्राप्त भएको । यस वर्ष क्षतिग्रस्त सम्पदाहरुको पुनर्निर्माणका |

| | | |
|---|---|---|
| | | लागि ६१ वटा कार्यक्रम प्राधिकरणबाट स्वीकृति प्राप्त गरी ४९ वटाको बोलपत्र आह्वान गरिएको छ भने बाँकीको विस्तृत डिजाईन तयार भईरहेको साथै भूकम्पबाट क्षतिग्रस्त सम्पदा पुनर्निर्माणका लागि आ.ब. ०७३/७४ मा कार्यक्रमहरुको अर्थ मन्त्रालयको LMBIS सफ्टवेयरमा भएको प्राविधिक गडवढीका कारणले पुनः प्रविष्टि गर्नुपरेकोले हालसम्म कार्यक्रम स्वीकृत हुन सकेको छैन । मन्त्रालयबाट पुनः एक्सेल सीटमा राखी स्वीकृतिका लागि उक्त प्राधिकरणमा पठाइएकोमा हालसम्म स्वीकृत हुन बाँकी रहेको (कृषि विकास मन्त्रालय) । |

## ५.समितिको बैठकमा प्रस्तुत गर्न विभिन्न मन्त्रालयहरुबाट प्राप्त भएका समस्याहरु

### (१) खानेपानी तथा सरसफाइ मन्त्रालय

१. खानेपानी तथा ढल निकास विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृतिको लागि पहल गर्नुपर्ने ।

२. क्रमागत तथा बहुवर्षीय आयोजनाहरुको लागि बजेट विनियोजन गर्दा बढीमा तीन वर्ष भित्र सम्पन्न हुनेगरी बजेट विनियोजन गर्नुपर्ने ।

३. उपभोक्ता समितिहरुबाट संचालित आयोजनाहरुमा विद्युत् महशुलको डिमान्ड शुल्क सिंचाइ आयोजनाहरुमा जस्तै अनुदान दिने व्यवस्था गर्नुपर्ने ।

४. भूकम्पबाट क्षतिग्रस्त आयोजनाहरुको पुननिर्माणको लागि चालू वर्षमै करिब रु.२ अर्ब आवश्यक पर्ने भएकाले हाल विनियोजत रु. ५० करोडमा बजेट थप गर्ने ।

५. मेलम्ची खानेपानी आयोजना - दोश्रो चरणको लागि स्रोतको सुनिश्चितता तथा आयोजना स्थलका स्थानीयवासीहरुबाट पानी स्थानान्तरण वापत लेभी ( Levy) उपलब्ध गराई दिन गरिएको मागको सम्बन्धमा नीतिगत/कानुनी व्यवस्था गर्नुपर्ने ।

६. मेलम्ची खानेपानी आयोजनाको दोश्रो चरणको परियोजनालाई समेत राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्नुपर्ने ।

७. मेलम्ची खानेपानी आयोजना भित्रको मुख्य प्रवेशमार्ग ० कि.मि.देखि टिम्बु (करिब ४३ कि.मि.) सम्मको सडक भूकम्पबाट विभिन्न ठाउंमा क्षतिग्रस्त भएको । एशियाली विकास बैंकको सहयोगमा सडक विभाग मार्फत स्तरोन्नतीगर्न प्रस्तावित भएकोमा हालसम्म खासै प्रगति हुन नसकेकोले उक्त सडकलाई प्राथमिकतामा राखि सो कार्य अगाडि बढाइ दिन निर्देशन गर्नुपर्ने ।

### (२) उद्योग मन्त्रालय

१. उद्योग मन्त्रालय अन्तरगतका ४ वटा विभागीय कार्यालयहरु त्रिपुरेश्वरमा रहेको उद्योग परिसरमा नहुंदा विद्युत आपूर्ति नियमित हुन नसकेको कारण सेवा प्रवाहलाई अफ्र प्रभावकारी बनाउनको लागि Dedicated Feeder को व्यवस्था हुन पर्ने ।

### (३) आपूर्ति मन्त्रालय

१. न्यून बिजकीकरणमा ल्याइएका खाद्यान्न भन्सार बिन्दुमा सरकारले नै खरिद गर्ने व्यवस्था हुनुपर्ने ।

२. उद्योग मन्त्रालय अन्तर्गत रहेको नेपाल गुणस्तर तथा नापतौल विभाग र कृषि विकास मन्त्रालय अन्तर्गत रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग लाई यस मन्त्रालयअन्तर्गत राख्नु पर्ने ।

३. पेट्रोलियम पदार्थ तथा एल.पी. ग्यांसको भण्डारण क्षमता वृद्धिका लागि आवश्यक कार्यक्रम तर्जुमा तथा बजेट व्यवस्था हुनुपर्ने ।

४. मन्त्रालय मातहत जिल्लास्तरमा आपूर्ति व्यवस्थापन तथा बजार अनुगमन कार्यालयहरु स्थापनाका लागि आवश्यक पहल हुनुपर्ने ।

### (४) अर्थ मन्त्रालय

१. मन्त्रालयहरुको विकास आयोजना कार्यान्वयन र बजेट खर्च गर्ने क्षमता कमजोर रहेको सन्दर्भमा प्राविधिक र व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्नुपर्ने ।

२. आयोजना कार्यान्वयनमा जग्गा प्राप्तिको विषय कठिन एवम खर्चिलो भएको र यो समस्या बारम्बार आइरहेकोले समाधानका लागि नीति कानूनमा सुधार गर्नुपर्ने ।

३. पूँजीगत खर्च कम भएको, मूल्यवृद्धि उच्च रहेको र व्यापार घाटा उच्च दरले बढ्दै गएको वर्तमान अवस्थामा सुधार गरी अर्थतन्त्रलाई उच्च आर्थिक वृद्धिको मार्गतर्फ लक्षित गर्न पूँजिगत खर्च बढाउने उपायहरुका साथै अन्तरमन्त्रालय समन्वय स्थापित गर्न पहल हुनुपर्ने ।
४. व्यापार घाटा बढ्दै गएकोले निर्यात बृद्धि गर्न र आयात प्रतिस्थापन गर्न कृषि तथा औद्योगिक उत्पादन बढाउन सम्बन्धित मन्त्रालयहरुबाट विशेष कार्यक्रमहरु गरी कार्यान्वयन गर्नुपर्ने ।
५. मन्त्रालयहरुको आफ्नै अनुगमन पनि कमजोर देखिएको छ । केन्द्रीय अनुगमन ईकाइ गठन गरी नियमित रुपमा अनुगमन गर्ने। र प्रतिवेदनलाई आयोजना कार्यान्वयनको पृष्ठपोषणको रुपमा लिनुपर्ने ।

## (५) वाणिज्य मन्त्रालय

१. नेपालको व्यापार क्षमता अभिबृद्धि र निर्यात प्रवर्द्धनका लागि नेपाल सरकारबाट हालै जारी भएको नेपाल व्यापार एकीकृत रणनीति, २०७३ को कार्यान्वयनमा सम्बद्ध सबै मन्त्रालय र निकायले विशेष प्राथमिकता दिई उक्त रणनीतिको कार्ययोजना अनुसार क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकतामा समावेश गर्ने ।
२. नेपालको व्यापार घाटा उल्लेख्य रुपमा बढ्दै गएको र व्यापार घाटाको प्रवृति विश्लेषण गर्दा कृषिजन्य वस्तुको आयात करिव १५० अर्व (व्यापार घाटामा हिस्सा करिव २१.४ प्रतिशत) र व्यापार घाटामा उर्जाको प्रतिशत करिव २० प्रतिशत रहेको र औद्योगिक क्षमता कमजोर हुँदै गएकोले सम्बद्ध मन्त्रालयहरुले व्यापार घाटा कम गर्ने कार्यकमहरु अभियानका रुपमा संचालन गर्नुपर्ने ।

## (६) सहकारी तथा गरिवी निवारण मन्त्रालय

१. समस्याग्रस्त सहकारीहरुको सम्पति व्यवस्थापन समिति गठन गर्ने लगायतका कार्यको लागि सहकारी ऐन २०७२ को मस्यौदा तयार विधेयकको रुपमा अगाडि बढाउन स्वीकृतिका लागि मन्त्रिपरिषद्मा २०७२/१०/१० मा पेश गरिएकोमा २०७३/०४/०७ गते सहकारी ऐन २०७३ विधेयकको रुपमा व्यवस्थापिका संसदमा दर्ता भएको उक्त विधेयक पारित गराउन पहल हुनुपर्ने ।
२. गरिबी निवारण सम्बन्धित गरिबी निवारण कोष, गरिवका लागि विश्वेश्वर र युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्बन्धी कार्यक्रम यस मन्त्रालय मातहतमा स्थानान्तर गर्नुपर्ने ।
३. गरिबी निवारणको कार्य समेत गर्नेगरी मन्त्रालय, सहकारी विभाग, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र जिल्लास्थित कार्यालयहरूको संरचनामा परिवर्तन गरी १५ जिल्लामा कार्यालय थप गर्नुपर्ने ।

## (७) उर्जा मन्त्रालय

१. जलाशययुक्त आयोजना क्षेत्रभित्र परेका अन्य पूर्वाधार विकास आयोजनाहरूको निर्माणका लागि आयोजना तर्जुमा, अध्ययन, तथा निर्माण चरणदेखि नै समन्वय गर्न राष्ट्रिय योजना आयोगबाट पहल हुनु पर्ने ।
२. जलविद्युत आयोजना विकास समिति अन्तर्गत बुढीगण्डकी आयोजनालाई यथाशीघ्र छिटो कार्यान्वयनमा लैजानु पर्ने देखिएकोले जग्गा अधिग्रहण, मुआब्जा, पुनर्वास एवं पुनर्स्थापना बारे छुट्टै संरचना बनाइनुपर्ने । यसको कार्यविधि अर्थ मन्त्रालयको सहमतिकालागि पठाइएको । निर्माणको लागि स्रोत व्यवस्थापन यथाशीघ्र गर्नुपर्ने ।
३. नेपाल सरकारबाट विगतमा घोषणा भए अनुसारका प्रतिबद्धता अनुरुप सुविधाहरु विद्युत् उत्पादक कम्पनीहरुलाई प्रदान गर्नुपर्ने ।

४. निर्माणाधीन माथिल्लो तामाकोशी जलविद्युत आयोजनामा विदेशी मुद्रा भुक्तानीका लागि अर्थ मन्त्रालयको निर्णय अनुसार सटही सुविधा पटके रुपमा गर्नुपर्ने वर्तमान व्यवस्थाको सट्टा एकमुष्ट रुपमा गर्न सक्ने व्यवस्था मिलाउनुपर्ने । यो व्यवस्था निर्माणाधीन सवै आयोजनाहरुलाई समेत हुनु पर्ने ।

५. माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजना सम्बन्धमा नेपाल सरकारवाट निम्न पहल हुनुपर्ने :

- लोन ग्रेस पिरियड र एभेलेविलिटी पिरियडो अवधि मे १८, २०१६ मा समाप्त भई अन्योल भएकोले अवधि थप हुनुपर्ने ।
- विद्युत गृह बाँधस्थल सम्मको पहुचँमार्गका पहिरोहरु र बाँधस्थलको बाँया र Inlet Portal को माथिबाट आएका ठूला पहिराहरुको दायित्व EPC Contract को Scope भित्र नपरेकोले यस सम्बन्धमा निर्णय हुनुपर्ने ।
- २०१५ मे देखि हालसम्म पनि चाइना एक्जिम बैंकले एकतर्फी रुपमा परामर्शदाता तर्फको ऋण सीमा सकिएको भन्दै परामर्शदाताको परामर्श शुल्क भुक्तानी नगरेकोले भुक्तानी हुनुपर्ने ।

६. थानकोट–चापागाउँ १३२ के भि प्रसारण लाइन आयोजनाको ललितपुर खण्डमा सुरक्षा र मुआब्जाको समस्या लामो समयदेखि समाधान हुन नसक्दा निर्माण कार्य अवरुद्ध भएकोले यसको समाधान खोजिनु पर्ने ।

## (८) श्रम तथा रोजगार मन्त्रालय

१. व्यावसायिक तथा सीप विकास तालीम केन्द्रमा रहेका विकास तर्फका अस्थायी कर्मचारीहरलाई पोशाक भत्ता उपलब्ध गराउन नीतिगकमत निर्णय हुनुपर्ने ।

## (९) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP) लगायत सडक निर्माण एवं स्तरोन्नतिसंग सम्बन्धित आयोजनाले चुरे, राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्रमा भौतिक पूर्वाधार निर्माण गर्नुपर्दा मौजुदा व्यवस्था अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएकोले आयोजना तयारीमा अत्यधिक समय खर्च भई तोकिएको कार्यक्रमको समयावधिभित्र निर्माण सम्पन्न गर्न कठिनाई भएको ।

२. वन क्षेत्रमा पर्ने सडक निर्माण, बिस्तार एवं स्तरोन्नतीमा कठिनाई रहेको ।

३. स्थानीय सडक सञ्जाल (LRN) का सडकहरुमा समेत सडक विभाग लगायतका निकायद्धारा सडक सुधार विस्तार कार्यक्रम सञ्चालनमा रहेकाले कार्यक्षेत्रमा दोहोरोपना देखिएको ।

४. दुर्गम एवं पहाडी क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा बिस्तार नहुंदा समयमै सामाजिक सुरक्षा भत्ता वितरणमा कठिनाई रहेको ।

५. नगरपालिकाहरुको कार्यालय भवन निर्माणको लागि बजेट विनियोजन भएपनि आवश्यक जग्गा उपलव्ध नहुंदा भवन बन्न नसकी सेवा प्रवाहमा प्रत्यक्ष असर परेको ।

## १०) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

१. राष्ट्रिय गौरवका आयोजनाहरुको हकमा जग्गा अधिग्रहण र मुआव्जा प्रदान गर्ने कार्यको लागि छोटो प्रक्रिया र विशेष प्रावधानको व्यवस्था हुनुपर्ने ।

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ३६ औं बैठकले गरेका निर्णय नं. १ मा उल्लेखित सडक विभाग स्थापनाको उद्देश्य अनुरुप सडक विभागलाई रणनीतिक सडकहरुको निर्माण एवंम् मर्मत संभारको मात्र जिम्मा दिनुपर्ने निर्णयको कार्यान्वयन हुनुपर्ने ।

३. संभावित जलाशययुक्त योजनाहरुको प्रभाव क्षेत्रमा पर्ने सडक खण्डहरुको निर्माण सम्बन्धमा स्पष्ट निर्देशन हुनुपर्ने ।

## (११) जनसंख्या तथा वातावरण मन्त्रालय

१. २०७२/१/१ देखि काठमाडौ उपत्यकामा मापदण्डमा तोकिए बाहेकका प्लाष्टिकका झोलाको प्रयोग, ओसार पसार, विक्री वितरण र आयात तथा उत्पादनमा प्रतिवन्ध लगाइ अनुगमन कार्य भइरहेकोमा आ.व. ०७३/७४ को वजेट वक्तव्यमा नेपालभर प्लाष्टिक तथा पोली प्रोपोलिन झोला आयात, निर्यात, विक्री वितरण र उपयोग गर्न नपाइने उल्लेख भएको तर उत्पादनका विषयमा उल्लेख नभएको सन्दर्भमा प्लाष्टिक तथा पोली प्रोपोलिन झोलाहरुको आयात, निर्यात, विक्री वितरण र उपयोग, उत्पादन तथा यसको नियन्त्रणका लागि सबै निकायहरुको समन्वय र सहयोग आवश्यक रहेको ।

२. सौर्य लगायतका वैकल्पिक ऊर्जाको विकास गर्ने र निजी क्षेत्रको लगानीमा उत्पादन हुने ठूला सौर्य ऊर्जाबाट उत्पादित विद्युत खरिद गर्न आवश्यक रहेकोले सो कार्यका लागि उर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसंग समन्वय आवश्यक रहेको ।

३. जल तथा मौसम विज्ञान विभागअन्तर्गत रहेका जल तथा मौसम मध्ये केही मापन केन्द्रहरु ४००० मिटर भन्दा माथि रहेका छन् । ती केन्द्रहरुवाट नियमित रुपमा जल तथा मौसम मापन गर्न, ती केन्द्रहरुको नियमित मर्मत तथा नयाँ मापन केन्द्रको निर्माण गर्न कर्मचारीहरु खटाउनु पर्दा भौगोलिक विकटताका कारण खाना तथा होटल वासमा उच्च मूल्य खर्चनु पर्ने भइ प्रचलित भ्रमण भत्ता अत्यन्त न्यून हुने अवस्थामा कर्मचारीहरु खटाउन समस्या रहेको हुँदा त्यस्ता क्षेत्रमा खटिने कर्मचारीहरुको लागि विशेष दैनिक भत्ताको व्यवस्था हुनुपर्ने ।

## (१२) स्वास्थ्य मन्त्रालय

१. स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९ (ख) अनुसार स्तरवृद्धि भएका, पदनाम पाएका र ऐनको दफा १७ बमोजिम पदस्थापना भैनसकेका कर्मचारीहरुको पूल दरबन्दी सृजना गरी पदस्थापन गर्नु पर्नेमा सो बमोजिम दरबन्दी सृजना हुन नसकेकोले आवश्यक नीतिगत निर्णय हुनु पर्ने ।

२. परिवार नियोजनका साधन खरिद स्फेसिफिकेसन तयार गर्दा WHO PQ वा WHO Non PQ कुन विधि प्रयोग गर्ने भन्ने निर्णय हुन नसक्दा खरिद प्रकृया ढिलो भएकोले खरिद स्फेशिफिकेसनमा कुन विधि प्रयोग गर्ने भनी निर्णय हुनुपर्ने ।

३. सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशन बमोजिम प्रत्येक प्राथमिक स्वास्थ्य केन्द्रमा अनिवार्यरुपमा चिकित्सक पठाउने व्यबस्थाको प्रभावकारी कार्यान्वयनार्थ थप आवश्यक केही चिकित्सकहरुको पूल दरबन्दी सृजना गर्नुपर्ने ।

४. थप बजेट तथा जग्गाको व्यबस्था :

(क) अत्यावस्यक सेवाको सुरुवात एवं निरन्तरता दिन वीर अस्पतालका लागि Linear Accelerator मेशिन खरिद गर्न तथा कान्ति बाल अस्पतालको आइ.सि.यू। ICU संचालनका लागि आवस्यक पर्ने थप बजेटको व्यबस्था गर्नुपर्ने ।

(ख) मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुरबाट मानव अंग प्रत्यारोपण सम्बन्धी थप सेवा प्रभावकारी रुपमा प्रबाह गर्न सुबिधा सम्पन्न थप भवन निर्माण गर्न जग्गा अभाव भएकाले यसका लागि आवश्यक जग्गाको व्यवस्था गर्नुपर्ने ।

## (१३) शहरी विकास मन्त्रालय

१. काठमाडौं उपत्यका भित्र बागमती किनार तथा अन्य शाखा नदीहरुमा नदी अतिक्रमण गरी बसोबास गर्दै आएका वस्तीहरुका कारण बागमती क्षेत्रमा सुधार आयोजना संयुक्त राष्ट्रसंघ पार्क विकास समिति आदि आयोजना संचालनमा बाधा परेको ।

२. जनता आवास कार्यक्रम अन्तर्गत आफ्नै नाउंमा जग्गा नभएको कारणले कार्यान्वयनमा समस्या परेको देखिएकोले लक्षित वर्गका परिवारको नाममा जग्गा नभए पनि हाल जहां जुन अवस्थामा बसोबास गरिरहेका छन् त्यहां नै आवास बनाई दिने व्यवस्था मिलाउने भनी राविससको ३६ औं बैठकबाट निर्णय भए बमोजिम कार्यान्वयन गरियो । तर यसरी कार्यान्वयन गर्ने क्रममा वन क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरुको हकमा वन कार्यालयबाट स्वीकृती प्राप्त गर्न कठिनाई परेको ।

३ सहरी विकासलाई एकिकृत रुपमा व्यवस्थित गर्न सहरी विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण निकायहरुविच प्रभावकारी समन्वय गर्नुपर्ने देखिएकोले सहरी विकास मन्त्रीको अध्यक्षतामा सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, उर्जा मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय लगायतका सचिवहरु सदस्य रहने गरी एक उच्चस्तरीय समन्वय तथा अनुगमन समिति नेपाल सरकार (मन्त्री परिषद्) बाट गठन गर्नुपर्ने ।

## (१४) वन तथा भू–संरक्षण मन्त्रालय

१. राजनीतिक, आर्थिक र सामाजिक लगायत विभिन्न कारणवाट अतिक्रमणमा परेको वन क्षेत्रलाई संरक्षित गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

२. एउटा प्रयोजनका लागि उपलव्ध गराइएको वन क्षेत्र अर्को प्रयोजनका लागि प्रयोग भइ राखेको सन्दर्भमा त्यसको वास्तविक वा सही प्रयोग गराउन संझौताका शर्तहरुलाई कडाइका साथ पालना गर्न/गराउन आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

३. प्राविधिक पक्षको विश्लेषण नगरी वन क्षेत्रमा आफूखुसी बाटो लगायत अन्य भौतिक संरचनाको निर्माण कार्य हुने गरेकाले यसको नियन्त्रणका लागि आवश्यक प्रयास गर्नुपर्ने ।

४. सशस्त्र वन रक्षक परिचालन सम्बन्धी स्पष्ट आधार र मापदण्ड सहितको ऐन नियम तर्जुमा हुनुपर्ने ।

## (१५) पशुपक्षी मन्त्रालय

१. पशु विकास फार्म, जिरी दोलखाको स्वामित्वमा रहेको रामेछापको खिम्ती स्थित गाई प्रजनन् केन्द्रको जग्गामा जलविद्युत कम्पनीहरु, विद्यालय र अनधिकृत व्यक्तिहरुबाट अतिक्रमण गरिएको । अनधिकृत अतिक्रमण हटाउन स्थानीय प्रशासनलाई निर्देशन दिई निर्दिष्ट उद्देश्य वमोजिमको काममा प्रयोग गर्ने ।

२. पशुपन्छी विकास मन्त्रालय अन्तरगत जिल्ला पशु सेवा कार्यालय संखुवासभाका बाह्रविसे र माम्लिङ्ग खोटाङ्गको चिसापानी र मातिम, ओखलढुँगाका फुलवारी से.के. र जिल्ला पशु सेवा कार्यालय ओखलढुँगाका कार्यालय भवन, सोलुखुम्वु जिल्लाका सोताङ्ग, उदयपुर जिल्लाका रामपुर, सिरहा जिल्लाका कल्याणपुर र नवराजपुर, सप्तरी जिल्लाका सितापुर र पातो सेवाकेन्द्रको भौतिक संरचनाहरु सुरक्षा निकायहरुबाट प्रयोग भइ आएको ।

३. कृषि तथा पशुपन्छी विकास तथा अनुसन्धानसम्वन्धी गतिविधिहरु विभिन्न आयोजना वा निकायबाट हुने गरेको र सोको संचालन कृषि विकास मन्त्रालयवाट हुँदै आएकोमा पशुपन्छी विकास सम्वन्धी प्राथमिकता निर्धारण कार्यक्रम तर्जुमा गर्दा पशुपन्छी विकास मन्त्रालयको समान प्रतिनिधित्व हुने नगरेको अवस्था छ ।

४. प्राकृतिक प्रकोपबाट कृषकहरुले पालेका पशुपन्छीको क्षति हुंदा राहत दिने व्यवस्था सुनिश्चित नभएको ।

५. पशुपन्छीको दाना, पशु औषधि सम्वन्धी नियमनको जिम्मेवारी पशुपन्छी विकास मन्त्रालय अन्तरगत रहनु पर्ने ।
६. उन्नत पशुपन्छीका नश्ल मित्रराष्ट्रहरुबाट उपलब्ध हुन नसक्दा उत्पादकत्व बृद्धि गर्न लक्षित पशुनश्ल सुधार कार्यक्रम अपेक्षाकृत प्रभावकारी हुन नसकेको ।
७. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुबाट ग्रामीण कृषकहरुको आयआर्जनका लागि पशुपन्छी वितरण गर्ने गरेको र यसक्रममा एक स्थानबाट अर्को स्थानमा पशुपन्छीको ओसार पसार गर्दा रोग फैलिन गई कृषकहरुले क्षति व्यहोर्नु परेको अवस्था भएकोले जुनसुकै निकायवाट वितरण गरिने पशुपन्छी सम्वन्धित जिल्ला पशु सेवा कार्यालयहरुको समन्वयमा स्वास्थ्य जाँच गरी गर्ने र खोप लगायतका उपायहरु अवलम्वन गर्ने व्यवस्था मिलाउन सम्वन्धित सबै निकायलाई निर्देशन दिने ।
८. पशुपन्छी विकास मन्त्रालय स्थापना भएको ८ महिना भएता पनि नयाँ मन्त्रालयका लागि कार्यस्थलको अभाव यथावत रहेकोले नयाँ भवन निर्माणको व्यवस्था गरिनु पर्ने ।
९. विगतमा ग्रामिण क्षेत्रमा स्थापना भएका डेरी फार्म, पोल्ट्री फार्म, बंगुर फार्महरु बढ्दो सहरीकरण र न.पा. स्थापनाका कारण विस्थापनमा परेका र पशुपन्छी पालन व्यवस्थित हुन नसकेको ।
१०. बिभिन्न बीमा कम्पनीहरुबाट पशुपन्छी बीमाको सेवा उपलब्ध गराउँदै आएको सन्दर्भमा यस सेवालाई थप विस्तार गर्दै सबै जिल्ला खासगरी दुर्गम जिल्लामा सेवा विस्तार हुने सुनिश्चितताका लागि बीमा समितिलाई निर्देशन दिने ।
११. पशु क्वारेन्टाइन कार्यालय, भंसार कार्यालय, र सुरक्षा निकाय, एकै स्थानमा नभएकोले अपेक्षाकृत प्रभावकारी हुन नसकेको ।

## (१६) सिंचाइ मन्त्रालय

१. राष्ट्रिय गौरवको रानी जमरा कुलरिया सिंचाई आयोजनाको मुल नहरको रेखाङ्कनको २०० मिटर भित्र रहेको ३२ कठ्ठा जग्गामा नेपाल सरकारले मुक्त कमैयाहरुलाई व्यवस्थापन गरेकोले उनीहरुलाई अन्यत्र व्यवस्थापन नगर्दा नहर निर्माणको कार्यमा अवरोध भैरहेकोले आवश्यक व्यवस्थापन गर्नु पर्ने ।
२. राष्ट्रिय गौरवको सिक्टा सिंचाइ आयोजनाको मूल नहरमा प्रयोग हुने नदीजन्य निर्माण सामग्री, उत्खनन संकलन तथा प्रशोधनको सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) को २०७२/१२/४ को निर्णय वाहेक थप स्थानीय शुल्क (वातावरण तथा अन्य शुल्क कर) जि.वि.स. वाट माग भएकोले उक्त शुल्क नतिर्नको निमित्त सम्बन्धित निकायलाई स्पस्ट निर्देशन दिनुपर्ने ।
३. प्रक्रिया पूरा गरिसकेका आयोजनाहरुमा रुख हटाउने कार्यलाई छिटो गरी सम्पन्न गर्ने हुनु पर्ने ।
४. विकास आयोजनाहरुको निर्माण कार्यमा प्रयोग हुने ढुंगा, ठिट्टी तथा वालुवा सहजरुपमा आपूर्ति हुने व्यवस्थालाई नदीको प्रकृति हेरी प्रत्येक नदीका लागि विषयगत मंन्त्रालयले निकाल्न सकिने परिमाणको यकिन गर्ने र उक्त कार्यको अनुगमन गर्ने कानुनी व्यवस्था लागू गर्ने ।
५. सिंचाइ हुने कृषि भूमि अन्य प्रयोगमा जाने क्रम जारी रहेकोले कृषि जमिनको खण्डीकरण तथा अन्य उपयोगलाई निरुत्साहित गर्न भूउपयोग नीति र सिंचाइ नीति २०७० प्रभावकारी रुपमा लागू गर्ने ।
६. प्रस्तावित सिंचाइ र भूमिगत जलश्रोत ऐनलाई व्यवस्थापन गर्न बनेका ऐनहरु हाल व्यवस्थापिका संसदमा रहेकोले उक्त ऐनहरुलाई पारित गर्न आवश्यक रहेको ।

## १७. सामान्य प्रशासन मन्त्रालय

१. सबै संवैधानिक निकाय, मन्त्रालय, केन्द्रीय निकायहरुबाट संघीयता कार्यान्वयनका लागि सम्बन्धित निकायको कार्य विश्लेषण, कार्य विशिष्टिकरण, संगठन तथा व्यवस्थापन र कर्मचारी समायोजनको खाका सहितको कार्ययोजना तयारी र एकीकरण गर्ने ।

२. कर्मचारी समायोजन र व्यवस्थापनका लागि सामान्य प्रशासन मन्त्रालयले नेतृत्व लिने र नेपाल सरकार (म.प.) बाट आवश्यक समन्वय र निर्देशन हुनुपर्ने । आवश्यक साधन स्रोतको व्यवस्था राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले गर्ने ।

## १८. शिक्षा मन्त्रालय

१. शिक्षा मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकता भन्दा बढी भएका उपसचिव र आवश्यकता भन्दा कम भएका विद्यालय निरीक्षक, विषयविज्ञ, तालिम प्रशिक्षक र रा.प.अ. प्रा.स.को व्यवस्थापन गर्नुपर्ने ।

२. भूकम्पबाट क्षतिग्रस्त शैक्षिक संस्थाहरु, विद्यालयहरु, विश्वविद्यालयहरु, प्राविधिक शिक्षालयहरु शीघ्र पुनर्निर्माणका लागि पर्याप्त बजेट तथा प्राविधिक कर्मचारीको व्यवस्था गर्नुपर्ने ।

३. बहुप्राविधिक शिक्षालयहरु संचालनका लागि आवश्यक प्राविधिक कर्मचारीहरुको दरबन्दी स्वीकृत (नेपाल वनेपा पोली टेक्निकल विद्यालय र कोरिया नेपाल पोली टेक्निकल विद्यालय रुपन्देहीं) गर्नुपर्ने ।

## १९ गृह मन्त्रालय

१. लागू औषधसम्बन्धी माग घटाउ, आपूर्ति नियन्त्रण र क्षति न्यूनीकरणका लागि थप कार्यक्रम र बजेट व्यवस्था गर्नुपर्ने ।

२. मुख्य भन्सार नाकाहरुमा लागू औषध नियन्त्रण ब्यूरोको निगरानी बढाउनुपर्ने ।

३. औषधि उद्योगहरु तथा औषधि पसलहरुको नियमित अनुगमनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संगको समन्वय र सहकार्यमा वृद्धि ल्याउनुपर्ने ।

४. अवैध रुपमा गाँजा-अफिम खेति भैरहेका स्थानहरुमा बैकल्पिक खेतीलाई प्रोत्साहन गर्न कृषि र पशु विकास सम्बन्धी प्याकेज कार्यक्रम पुऱ्याउन समन्यव गर्नुपर्ने ।

५. सुरक्षा सबलीकरण र बिपद् व्यवस्थापनमा नयाँ कार्यक्रम तथा आयोजनाहरु संचालनमा ल्याउनुपर्ने ।

# ६.तेह्रौं योजनाको नतिजा खाकाका  सूचकहरुको लक्ष्य र प्रगति

## १. अर्थ मन्त्रालय

| सूचक | २०७२/७३ को लक्ष्य | २०७२/७३ को प्रगति |
|---|---|---|
| आर्थिक वृद्धि(प्रतिशत) | ६ | ०.७७ |
| राजस्वको लक्ष्य (रु. करोडमा) | ४७५०१ | ४,८२,७४ (१०२%) |
| शोधनान्तर बचत (रु. करोडमा) | ४०,०० | १,९१,०० |
| राजस्वको बृद्धिदर(प्रतिशत) | १७ | १९.६ |
| राजस्व/कूल गार्हस्थ उत्पादन | १९ | २१.५ |
| विप्रेषण(रु.अर्व) | | ६६५ |
| विदेशी विनिमय सञ्चितिको पर्याप्तता (वस्तु तथा सेवा) | ८ महिना | १६.५महिनाको वस्तु आयात<br>१४.१महिनाको  वस्तु र सेवा आयात |
| मुद्रास्फीति(प्रतिशत) | ८ | ९.९ |
| नेप्से परिसूचक | ८०० | १७१८.२ |
| सरकारी कोषको मौज्दात अवस्था | | १२७ अर्ब ३८ करोड |
| निर्यात | | ७० अर्ब १२ करोड (गत वर्षभन्दा १७.८ प्रतिशत कम) |
| आयात | | ७७३ अर्ब ६०करोड (गत वर्षभन्दा ०.१ प्रतिशत कम) |
| व्यापार घाटा | | ७०३ अर्ब ४८ करोड (गत वर्षभन्दा २ प्रतिशतले बृद्धि) |

## २. सिंचाइ मन्त्रालय

| कार्यक्रम | लक्ष्य (हे) | प्रगति (हे) |
|---|---|---|
| सतह सिंचाइ | १८,००० | ११,०४१ |
| भूमिगत सिंचाइ | ८९,८५० | ४८,५३७ |
| नयाँ प्रविधिमा आधारित सिंचाइ | १,७०० | २,२४७ |
| थप सिंचित क्षेत्रफल बृद्धि | ९९,५५० | ६१,८२५ |
| कृषक व्यवस्थित सिंचाइ | ४६,८०० | ३५,२२६ |
| वर्षैभरी सिंचाइ हुने क्षेत्रफल | ९१,६०० | ५२,४१० |
| तटवन्ध निर्माण कि.मि. | १६० | ९६ |

तेह्रौ योजनाको अन्तसम्मको प्रगति, तटबन्ध निर्माण ८५७.२७ कि.मी.

## ३. वन तथा भू संरक्षण मन्त्रालय

| सूचक | आधार तथ्यांङ्क | १३ औ योजनाको लक्ष्य | १३ औ योजनाको प्रगति |
|---|---|---|---|
| वन क्षेत्रले ओगटेको भू भाग(%) | ३९.६ | ४० | ४४.७४ |
| दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुहरु संरक्षण प्रजातिको संख्या | ३९ | ३९ | ३९ |
| संरक्षण गरिएका दुर्लम तथा लोपोन्मुख वनस्पतिको प्रजाति अद्यावधिक संख्या | १२६ | २४३ | २४३ |
| संरक्षित क्षेत्रले ओगटेको क्षेत्र (%) | २३.९ | २३.९ | २३.३४ |
| भू परिधि संख्या | ३ | ६ | ५ |
| रणनीति र कार्यान्वयन योजना संख्या | ४ | ४ | ७ |
| जैविकमार्ग संख्या | ६ | ६ | ६ |
| एकीकृत रुपमा संरक्षण तथा व्यवस्थापन गरिएको चुरे क्षेत्रको कूल नदी प्रणाली संख्या | १५ | २० | ४८ |
| अतिक्रमण हटाइएको क्षेत्रफल (हेक्टर) | ५९३७ | ६२५० | १६३७.५५ |
| वन डढेलो नियन्त्रण कार्यान्वयन योजना संख्या (थप जिल्ला) | | २५ | ७४ |
| गरिवमुखी कवुलियती वनका थप उपभोक्ता संख्या | ६९३४ | १०० | ११३ |
| हर्वेरियम नमूना संख्या (व्यवस्थापन हजारमा) | १५० | १६५ | १६४ |
| उत्पादित वन पैदावारः काठ ( हजारघन फिट ) | १००० | १५७५ | ७९३.६० |
| दाउरा (चट्टा) | १५०० | २१०० | ७८३.६५ |

## ४. सहकारी तथा गरिवी निवारण मन्त्रालय

| सूचक | आधार तथ्यांक (६९/७०) | १३औ योजनाको लक्ष्य | १३औ योजनाको प्रगति |
|---|---|---|---|
| सहकारी क्षेत्रमा अतिरिक्त रोजगारी संख्या | ५२००० | ३००० | ६१२७० |
| स्थापित सहकारी उद्योग व्यवसायको संख्या | २०० | ५० | ३१५ |
| ठूला र मझौला सहकारी उद्योग व्यवसायको संख्या | २ | २ | - |
| साना सहकारी उद्योगको संख्या | २०० | ५० | २४९ |
| प्रारम्भिक सहकारी संस्थाहरुको संख्या(हजार) | २९ | १ | ३३ |
| महिलाबाट सचालितसहकारी संस्थाको संख्या | ३३०० | ३०० | ४०११ |
| सदस्यहरुको संख्या(हजार) | ४३४५ | १५० | ५२०० |
| जिल्ला, केन्द्रिय तथा राष्ट्रिय सहकारी संघ संख्या | ३०४ | १० | ३४४ |
| कूल संघ संस्थाको संख्या | २९५०० | २००० | ३३६३४ |
| शेयर पूँजी बृद्धि (रु. अर्ब) | ३३ | ३ | ६३ |
| परिचालित बचत रकम(रु.अर्वमा) | १५८ | १५ | २०८ |
| ऋण प्रवाह रकम(रु.अर्ब) | १३४ | २५ | १८८ |
| तालिम प्राप्त सहकारीकर्मीको संख्या (हजार) | | २५ | १२५ |

| | | | |
|---|---|---|---|
| तालिम प्राप्त महिला प्रशिक्षकहरुको संख्या | १५८ | १९० | २८२ |
| तालिम प्राप्त सहकारी प्रशिक्षकको संख्या | | ५० | ७३९ |
| २५ जिल्लाको गरिव घरपरिवार संख्या एकिन भएको हुने । | स्वीकृत मापदण्ड र थ्रेसहोल्डको आधारमा ३,५६,४१८ गरिब पहिचान भएका घरपरिवारको सूची स्वीकृत भएको | | |

## ५. उद्योग मन्त्रालय

| सूचक | तेह्रौं योजनाको लक्ष्य | तेह्रौं योजनाकोप्रगति |
|---|---|---|
| वस्तुको निर्यात र आयात अनुपात | १:६ | १:९.४ |
| कूल ग्रार्हस्थ उत्पादनमा निर्माण उद्योग क्षेत्रको योगदानको अंश | ७ | ५.५ |
| उद्योगमा हुने लगानीको वार्षिक वृद्धि (%) | ३० | २६.३६ |
| निर्यातमा औद्योगिक उत्पादनको वृद्धि (%) | ७ | (५.६७) |
| उद्योगले प्रदान गरेको थप रोजगारी संख्या (हजार) | १५० | १२६ |
| स्वीकृत ठूला उद्योगको संख्या (थप) | १७० | २४१ |
| स्वीकृत मझौला उद्योगको संख्या | ४५० | २२७ |
| स्वीकृत साना उद्योगको संख्या | २१०० | ७७५ |
| स्वीकृत लघु उद्योगको संख्या | ५५००० | ७४०७० |
| उद्यमी सिर्जना (संख्या) | ८०२३३ | ९६५०२ |
| सिमेन्ट उद्योगको लागि पहूँच मार्ग निर्माण (कि.मी.) | २०० | २५९.५ |
| स्थापित विशेष आर्थिक क्षेत्रको संख्या | १ | १ |
| निर्माणाधिन स्थापित विषेश आर्थिक क्षेत्रको संख्या | १६ | १४ |
| खनीज अन्वेषण गरेको क्षेत्रफल(व.कि.मी.) | ७५ | २६० |
| संचालित गुणस्तर प्रयोगशालाको संख्या | १८ | ९ |
| कम्पनी संख्या | १,१६,००० | ८८,६६८ |

## ६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

| सूचक | १३ औ योजनाको लक्ष्य | २०१३को स्थिति | २०१४को स्थिति | २०१५को स्थिति |
|---|---|---|---|---|
| बार्षिक कूल पर्यटक आगमनसंख्या (लाखमा) | ११ | ७.९७ | ७.९० | ५.३८ |
| पर्यटक बसाइ अवधि (दिनमा) | १४ | १२.५७ | १२.४४ | १३.१६ |
| प्रति पर्यटक प्रतिदिन खर्च (अ.डलर) | ५० | ४२ | ४८ | ८६.५७ |
| आन्तरिक विमानस्थलहरुको कालोपत्रे गर्ने | २२ | २० | २१ | २२ |
| कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रवाट आर्जित विदेशी मुद्राको अनुपात (%) | ३ | २ | २.६ | २.९ |

## ७. शिक्षा मन्त्रालय

| सूचक | २०७१/७२ | २०७२/७३ |
|---|---|---|
| **१ सहजै देखिने भर्ना दर** | | |
| कक्षा एकमा वाल विकास केन्द्रको अनुभव सहित भर्ना (प्रतिशत) | ५९.६ | ६२.४ |
| वाल विकास शिक्षामा सहजै देखिने भर्ना दर | ७७.७ | ८१ |
| आधारभूत तह शिक्षामा सहजै दखिने भर्ना दर | १७१.१ | १२०.१ |
| माध्यमिक शिक्षामा सहजै दखिने भर्ना दर | ५१.६ | ५७.७ |
| **२ खूद भर्ना दर प्रतिशत** | | |
| प्राथमिक शिक्षा | ९६.२ | ९६.६ |
| अधारभूत शिक्षा | ८७.६ | ८९.४ |
| माध्यमिक शिक्षा | ३४.७ | ३७.७ |
| **३ कक्षा दोहर्‍याउने दर** कक्षा १ | १५.२ | १३.९ |
| कक्षा ८ | ४.५ | ३.९ |
| **४ टिकाउ दर**कक्षा ५ | ८६.८ | ८७.५ |
| कक्षा ८ | ७४.६ | ७६.६ |

## ८. खानेपानी तथा सरसफाइ मन्त्रालय

| सूचक | लक्ष्य (जनसंख्याको प्रतिशत) | १३ औं योजनाको प्रगति |
|---|---|---|
| आधारभूत खानेपानी सरसफाइ सेवाको उपलब्धता | ९५ | ९३.६ |
| उच्च मध्यमस्तरीय खानेपानी सेवाको उपलब्धता | १५ | १५ |
| आधारभूत स्तरको सरसफाइ सेवाको उपलब्धता | ९२ | ८१ |

## ९. युवा तथा खेलकूद मन्त्रालय

| सूचक | प्रगति |
|---|---|
| स्थानीय युवा साझेदारी कार्यक्रमको सञ्चालन भएको हुने । | ७५ वटै जिल्लामा कार्यक्रम सञ्चालन भएको । |
| युवा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन भएको हुने । | भारत र चीनमा युवा प्रतिनिधि मण्डलको भ्रमण आदान प्रदान भएको ।युवाहरूलाई नयाँ स्थानमा भ्रमण गराउने गरिएको । |
| युवा लक्षित नेतृत्व विकाससम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने । | २७७५ युवाले नेतृत्व विकास तालिम प्राप्त गरेको । |
| उत्कृष्ट कार्य गरेवापत युवा तथा संस्थालाई सम्मान प्रदान भएको हुने । | २९ जना राष्ट्रिय युवा प्रतिभा तथा संस्थाहरूले सम्मान प्राप्त गरेको । |
| युवा सूचना केन्द्र सञ्चालन तथा स्तरोन्नती भएको हुने । | ७५ वटै जिल्लामा युवा सूचना केन्द्र सञ्चालन भइरहेको । |
| युवा परिषदको स्थापना भएको हुने । | राष्ट्रिय युवा परिषद् गठन भई सञ्चालनमा आएको । |

| | |
|---|---|
| युवा विकासका नीतिगत सुधार भएको हुने । | राष्ट्रिय युवा नीति, २०६६ लाई परिमार्जन गरी राष्ट्रिय युवा नीति, २०७२ जारी गरिएको । युथ भिजन-२०२५ निर्माण भई कार्यान्वयन योजना तयार भइरहेको । |
| घरेलु खेलकूद प्रतियोगिताहरूको सञ्चालन र सहभागितामा अभिवृद्धिभएको हुने । | राष्ट्रपति रनिङ्गशिल्ड, पारा तथा स्पेशल खेलकूद, छात्र-छात्रा फुटबल तथा क्रिकेट प्रतियोगिता तथा विभिन्न खेलका राष्ट्रिय प्रतियोगिताहरूको आयोजना हुने गरेको । |
| विभिन्न खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता भएको हुने । | क्रिकेट, फुटबल, बुद्धिचाल, शारीरिक सुगठन, कराँते, लनटेनिस लगायतका विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा खेलाडी सहभागी हुने गरेको । |
| खेलकुद शिक्षक तालिम तथा प्रशिक्षक प्रशिक्षण भएको हुने | १०१० जना खेलकूद शिक्षकहरूले तालिम प्राप्त गरेको । |
| खेलाडीहरूलाई प्रशिक्षण दिइएको हुने । | विभिन्न खेलका ८५३० खेलाडीलाई नियमित प्रशिक्षण दिइएको । |
| खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरूद्धको संचेतना तालिम भएको हुने | यसबाट ७७१ जना खेलसँग सम्बन्धित व्यक्तिहरू लाभान्वित भएको । |
| स्वयंसेवक स्काउटरको परिचालनमा वृद्धि । | विपद् व्यवस्थापन लगायतका कार्यहरूमा स्काउटहरूको परिचालनमा अभिवृद्धि भएको । |

## १०. उर्जा मन्त्रालय

| सूचक | आधार तथ्याङ्क (०६९/७०) | तेह्रौ योजनाको लक्ष्य | ०७२/७३ को अन्त्यको स्थिति |
|---|---|---|---|
| विद्युत जडान (मे.वा. ) | ७५८ | १४२६ | ८५१ |
| विद्युत प्रसारण लाइनको | २६४० | २९४० | २९६६ |
| ३३ केभी विद्युत प्रसारण लाइनको लम्बाई (किमि) | ३५०० | ५००० | ४३४१ |
| ११ केभी विद्युत प्रसारण लाइनको लम्बाई (किमि) | २३००० | २७५०० | ३०१०६ |
| विद्युतमा जनसंख्याको पहूँच (%) | ५८ | ८७ | ७४ |
| लाभान्वित घरधुरी (लाखमा) | २५.८९ | ३३.३९ | २८.७० |
| प्रति व्यक्ति विद्युत खपत किलोवाट आवर | १०८ | १४० | १४१ |

## ११) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय क) सडक निर्माणतर्फ

| सूचक | आधार तथ्यांक (६९/७०) | १३औ योजनाको लक्ष्य | १३औ योजनाको प्रगति |
|---|---|---|---|
| थप रणनैतिक सडक निर्माणको लम्बाई (कि.मि) | २५२६५ | २७०० | २४६७ |
| सडकले जोडिएका थप जिल्ला सदरमुकामको संख्या | ७३ | १ | ० |
| कालोपत्रेमा स्तरोन्नति भएका सदरमुकामको थप संख्या | ५७ | ९ | ६ |
| पूल निर्माणको थप संख्या | १६०९ | ३५५ | २०८ |
| नियमित मर्मत संभार हुने कूल सडक लम्बाई (कि.मि) | ७४७४ | ९२०० | ९२०० |
| स्तरोन्नति, पुनर्निर्माण हुने सडक लम्बाई (कि.मि) | ६५० | १८३१ | १८९४ |
| आवधिक मर्मत हुने थप सडक लम्बाई (कि.मि) | ४२९ | २१६७ | १२२२ |
| थप रणनैतिक सडक निर्माणको लम्बाई (कि.मि) | | | |

| | | | |
|---|---|---|---|
| ट्र्याक थपलम्बाई (कि.मि) | ६१९ | ३३३ | ९०.५ |
| कालोपत्रसडक लम्बाई (कि.मि) | | ११० | १२० |

## ख) यातायात व्यवस्थातर्फ

| सूचक | १३औं योजनाको लक्ष्य | १३ औं योजनाको प्रगति |
|---|---|---|
| स्थापित सेन्टरको संख्या | ४ | ० |
| Vehicle Fitness Test Center का लागि खरिद गरिने प्रदूषण मापन यन्त्रको संख्या | ६ | ६ |
| सवारी साधनको संख्या (हजारमा) | २४ | २४ |
| या.व्य. सेवा केन्द्र (संख्या) | १५ | १६ |
| यातायात अनुगमन कार्यालय (संख्या) | ५ | ० |
| अनलाईन दरखास्त प्रणाली लागू गर्ने कार्यालय(संख्या) | १५ | ० |
| स्मार्ट कार्डको संख्या (लाखमा) | १५ | ०.७० |
| इम्बोस्ड नम्बर प्लेट लागू भएको सवारी(संख्या) | १५ | ० |

## ग) रेल यातायात तर्फ

| **सूचक** | **१३औं योजनाको लक्ष्य** | **१३औं योजनाको प्रगति** |
|---|---|---|
| निर्मित ट्र्याक लम्बाई(कि.मी.) | ६६ | बर्दिवास-सिमरा (१०८कि.मि.) को ३० किमि क्षेत्रमा १० वटा ठेक्का मार्फत ट्र्याक बेड,पुल पुलेसा आदिको निर्माण भैरहेको |
| डि.पि.आर.पूरा भएको खण्डको लम्बाइ (कि.मी.) १३६ मेची महाकाली विद्युतीय रेलमार्गको सिमरा बर्दिबास खण्ड | ७८८ | बर्दिबास-सिमरा-तमसरीया-बटवल खण्ड (३००किमि) तथा सिमरा बीरगंज(२८किमि), बुटवल भैरहवा लिंक (४४ किमि) गरी जम्मा ३७२ किमि को विस्तृत अध्ययन भएको, निजगढ-हेटौडा-भरतपुर सम्भाव्यता अन्तिम चरणमा रहेको । |
| काठमाडौं उपत्यका मेट्रो रेलको सम्भाव्यता अध्ययन र डि.पि.आर.को तयारी | निरन्तर | सम्भाव्यता भई DPR प्रक्रियामा रहेको । |

## १२.महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयः क) लैंगिक समानता तथा महिला सशक्तिकरण

| **सूचक** | **आधार वर्षको स्थिति** | **तेहौ योजनाको लक्ष्य (०७२/७३)** | **आ.व.२०७२।७३ सम्मको प्रगति** |
|---|---|---|---|
| महिला घरमूली भएका घरधूरी संख्या | २५.७३ | २८ | २८ |
| निजामति सेवामा महिला प्रतिनिधित्वको (%) | १३.७ | १७ | २२ |
| संसदमा महिला प्रतिनिधित्वको (%) | ३२.८ | | २९.३८ |

| | | | |
|---|---|---|---|
| न्यायपालिकामा महिला प्रतिनिधित्व प्रतिशत | २.२८ | | ३.०१ |
| लैंगिक संवेदनशील बजेट(%) | २१.५१ | २५.०० | २८.० |
| विशेष तयारी कक्षामा सहभागी महिलाको (संख्या) | ५००० | १४०० | १५६७ |
| गठन भएको महिला सहकारी संस्थाको (संख्या) | १५६८ | १८० | |
| भौतिक पूर्वाधार विकास गरिएका महिला संस्थाको (संख्या) | ४१६ | १४७ | |
| रणनीतिपत्रका आधारमा सुदृढीकरण भएका महिला संस्थाको (थपसंख्या) | १८९ | २४४ | १३५ |
| तालिम प्राप्त महिलाको (संख्या) | ९७,१४० | ४४,४९० | ८८५०७ |
| महिला विकास कार्यक्रममा लक्षित समूह सदस्य (संख्या) | ८,०७,९७६ | ९,००,००० | १०,००००० |
| भेदभाव विरुद्ध र मानव बेचविखन विरुद्धका मुद्धा (संख्या) | १५६ | १३० | |
| सेवा प्राप्त गरेका पीडित र प्रभावितहरु (संख्या) | १३०० | २०० | ४३६ |
| निगरानी समिति गठन भएका गा.वि.स. (संख्या) | १२२४ | १३०० | ८५८ |

## ख) ज्येष्ठ नागरिक संरक्षण

| | | | |
|---|---|---|---|
| वृद्धभत्ता पाएका ज्येष्ठ नागरिकहरुको (संख्या) | ८,५८,९१२ | ९,४२२,७४१ | ९,५१,४१९ |
| दिवा सेवा केन्द्र स्थापना भएका जिल्ला (संख्या) | | ७५ जिल्लाका ७५ केन्द्र | ४८ जिल्ला ६४ केन्द्र |
| नमूना ज्येष्ठ नागरिक ग्राम स्थापना (संख्या) | ३ वटा | ५ वटा ग्राम संचालन हुने | केही संचालन भएको |
| निर्माण गरिएको वृद्धाश्रम (संख्या)<br>निर्माण गरिएको वृद्धाश्रम (क्षमता) | ४२<br>३५० | ५८<br>१२७५ | ५२<br>८०० |
| संचालन गरिएका जनचेतनामुलक कार्यक्रम(थपविद्यालय संख्या) | | २२५ | ३०० |

## ग) अपाङ्गता अधिकार प्रवर्द्धन

| | | | |
|---|---|---|---|
| सिपमूलक तालिम प्राप्त गर्नेहरुको संख्या | २५० | ४०० | ५०० |
| अपाङ्गता भएका महिलाका लागि काठमाडौंमा छात्राबास | १ | २ निरन्तर | ४ निरन्तर |
| मध्यमाञ्चलमा अपाङ्गता पुनःस्थापना केन्द्र स्थापना (संख्या) | ८ | ९ | ८ |
| पुनर्स्थापना भएको अपाङ्गता भएका व्यक्तिहरुको संख्या | १४०० | १८०० | १५० |

## घ) गैर सरकारी संघसंस्था

| | | | |
|---|---|---|---|
| नेपाल सरकारको प्राथमिकता क्षेत्रमा केन्द्रित (अ)गैससको कार्यक्रमको(%) | | ९० | ८५ |
| गैससको कार्यक्रममा खर्च भएको रकम र कूल वजेटको अनुपात(%) | | ८० | ८० |
| सामाजिक लेखापरिक्षण तथा सार्वजनिक सुनुवाई भएको संस्थाहरु | | ८५ | ८० |

## ङ) वालवालिका तथा किशोर किशोरी

| | | | |
|---|---|---|---|
| मानसिक तथा शारिरीक सजायसम्वन्धी उजूरीको संख्या | १०४ | ५० | |
| उद्धार र पुनःस्थापन गरिएका बालबालिका र किशोर किशोरीको संख्या | २८१ | ३०० | ६४१ |
| सहयोग/तालिम तथा अभिमुखीकरण प्राप्त गरेका बाल संरक्षण समिति र बाल क्लबको संख्या | बा.सं.स.११९१ र बालक्लव १३३९१ | बालक्लव ७५ | ७५/३६१ |
| परिवार र बालकल्याण गृहमा पुनःस्थापन भएका बालबालिकाको संख्या | ८२३ | ७०० | १३१९ |
| उद्धार तथा पुनःस्थापना भएका बालबालिकाको संख्या | १६०५ | १५०० | ५६७४ |
| तालिम र सहभागीको संख्या | तालिम ३ र सहभागी १३६ | तालिम ७५ र सहभागी ८०० | १३<br>९०२ |
| सीपमूलक तालिम प्राप्त गर्ने किशोर किशोरीको संख्या | १२० | ६० | १६९ |
| तालिम प्राप्त गरेका बालबालिका तथा किशोर किशोरीहरुको संख्या | १९२० | ५२०० | ६५८४ |
| मापदण्ड अनुसार संचालित बालगृहहरुको संख्या | ७६७ | ५० | ६०० |
| - सुस्त मनःस्थिति केन्द्र संचालनको स्थिति<br>- सेवाग्राहीको संख्या | ६ | ६<br>६० | ९<br>१४५ |
| सूचना प्रणाली विस्तार भएको जिल्ला (संख्या) | ५२ | ७५ | ७५ |

## १३. जनसंख्या तथा वातावरण मन्त्रालय

| सूचक | आधार तथ्यांक | लक्ष्य | प्रगति |
|---|---|---|---|
| स्थानीय अनुकूलन कार्ययोजना लागू भएका थप गा.वि.स. र नगरपालिकाको संख्या | ० | ७० | ९७ (९० गा.वि.स. र ७ नगरपालिका) |
| लघु तथा साना जलबिद्युतबाट थप बिद्युत उत्पादन (कि.वा)<br>सौर्य बिद्युत प्रणालीको थप जडान (संख्या)<br>पानी घट्ट सुधार प्रणालीको थप जडान (संख्या)<br>सौर्य खानेपानी पम्प थप जडान (संख्या) | १३११०<br>२३६९३९<br>३३२९<br>० | १५०००<br>३७५०००<br>२७५०<br>७५ | ८५४४<br>२४७०००<br>१६५५<br>६२ |
| दुर्गम जिल्लामा संस्थागत सौर्यविद्युत प्रणाली थप जडान(संख्या)<br>घरायसी वायोग्याँस प्लान्ट जडान (संख्या)<br>संस्थागत तथा सामुदायिक बायोग्याँस प्लान्ट थप जडान (संख्या)<br>उर्जाको उत्पादनमूलक प्रयोगको थप प्रवर्द्धन (संख्या)<br>सौर्य ड्रायर जडान(संख्या)<br>सुधारिएको चुलो थप जडान(संख्या) | ६१९<br>६४७९१<br>२३<br>-<br>-<br>४१२१९३ | ११००<br>८२०००<br>९१०<br>१०००<br>१०००<br>३२३००० | ४९२<br>७८३००<br>२०<br>१३००<br>२२४<br>५२०००० |
| स्तरोन्नति भएका जल तथा मौसमी केन्द्र संख्या<br>जनसाधारणका लागि<br>हिमाली पर्यटकका लागि | १४०<br>दैनिक | ७०<br>दैनिक दुईपटक | ६०<br>दैनिक दुईपटक |
| Warning level तथा Risk Zone को रेखांकन भएका नदी संख्या<br>परीक्षणभएका (आयोजनाको संख्या)<br>प्रयोगशालाको संख्या | ५<br>-<br> | ५<br>२०<br>६ | ११<br>१७<br>१ (केन्द्र) |

## १४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

| सूचक | इकाई | तेहौं योजनाको लक्ष्य | आ व ०७२/७३ सम्म को प्रगति |
|---|---|---|---|
| जिल्ला सडक गुरु योजनासंग समन्वय गरी नगरस्तरीय सडक गुरु योजना निर्माण | वटा | ७५ | ९९ न.पा.को MTMP को मस्यौदा प्राप्त |
| सामाजिक परिचालन मार्फत नागरिक सचेतना केन्द्र विस्तार र सुदृढिकरण (गा.वि.स.) | संख्या | ३६२५ | ४६०० |
| स्थानीय निकायहरुमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता औजारहरुको प्रयोग गरी सार्वजनिक उत्तरदायित्वमा अभिवृद्धि | जिविस(%)<br>नपा (%)<br>गाविस(%) | १००<br>१०० | १००<br>७५<br>५० |
| जिल्लायोजना अनुगमन तथा विश्लेषणपद्धति सघनप्रयोग | जिल्ला | ६५ | ४८ |
| राष्ट्रिय भवन निर्माण आचार संहिताको कार्यान्वयन | नपा संख्या | १०० | १२० |
| न.पा.मा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन | वटा | ७० | १३ |
| एकीकृत संपत्तिकर कार्यान्वयन | नपा संख्या | ६० | ६१ |
| व्यक्तिगत घटना दर्ता | प्रतिशत | ९० | ८० |
| वैङ्कङ्गि प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण | नपा | १०० | ५८<br>२६४(साविकको गाविस) |
| आवधिक जिल्ला विकास योजना निर्माण | गाविस | ७५ | ३० |
| आवधिक न.पा विकास योजना निर्माण | नपा | ६० | ५८ |
| ग्रामीण कच्ची सडक निर्माण | कि.मी | ३२५० | ५१६५ |
| सडकको स्तरोन्नति तथा पुनःस्थापना (ग्राभेल सहित) | कि.मी | ४००० | २४७२ |
| सडकको नियमित तथा आवधिक मर्मत सम्भार | कि.मी | ६००० | ८३०० |
| सडक कालोपत्रे गर्ने | कि.मी | ४५० | ३९० |
| नयाँ सडक पुल निर्माण | गोटा | ३०० | २१८ |
| जिल्लास्तरीय यातायात गुरुयोजना अध्यावधिक गर्ने | जिल्ला | ७५ | ५५ |
| मुख्य मार्ग र स्थानीय मार्गमा झोलुङ्गे पूल निर्माण | वटा | १५०० | १८५६ |
| ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न | वटा | ८०० | ७२६ |
| साना सिंचाइ सुविधा पुगेको क्षेत्र | हेक्टर | ३३००० | ५९२९ |
| तटवन्ध, नदी नियन्त्रण तथा भू-संरक्षणसम्वन्धी योजना | वटा | १२५० | ४५० |
| लद्यु जलविद्युत | कि.वा | ५०० | ३८४ |
| स्यानीटरी ल्याण्ड फिल्ड साइट निर्माण | वटा | ३० | ८ |
| ग्रामीण वस्ती विकास | वटा | ५० | ३० |
| सामाजिक पूर्वाधार (भवन निर्माण) | वटा | | ५ क्रमागत |

# ७. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण

| क्र.स. | मन्त्रालय/निकायको नाम | मिति |
|---|---|---|
| १. | खानेपानी तथा सरसफाई मन्त्रालय | २०७३/०५/१० |
| २. | उद्योग मन्त्रालय | २०७३/०५/१५ |
| ३. | शहरी विकास मन्त्रालय | २०७३/०५/१० |
| ४. | कृषि विकास मन्त्रालय | २०७३/०५/०६ |
| ५. | पशुपंक्षी विकास मन्त्रालय | २०७३/०५/७ |
| ६. | अर्थ मन्त्रालय | २०७३/०५/१५ |
| ७. | श्रम तथा रोजगार मन्त्रालय | २०७३/०५/७ |
| ८. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २०७३/०५/०६ |
| ९. | सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०७३/०५/१९ |
| १०. | विज्ञान तथा प्रविधि मन्त्रालय | २०७३/०५/१५ |
| ११. | जनसंख्या तथा वातावरण मन्त्रालय | २०७३/०५/१२ |
| १२. | वन तथा भू-संरक्षण मन्त्रालय | २०७३/०५/१२ |
| १३. | सूचना तथा संचार मन्त्रालय | २०७३/०५/०८ |
| १४. | महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय | २०७३/०५/२० |
| १५. | शिक्षा मन्त्रालय | २०७३/०५/१६ |
| १६. | गृह मन्त्रालय | २०७३/०५/१७ |
| १७. | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | २०७३/०५/२३ |
| १८. | वाणिज्य मन्त्रालय | २०७३/०५/१७ |
| १९. | आपूति मन्त्रालय | २०७३/०५/७ |
| २०. | उर्जा मन्त्रालय | २०७३/०५/१० |
| २१. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २०७३/०५/०५ |
| २२. | स्वास्थ्य मन्त्रालय | २०७३/०५/१७ |
| २३. | युवा तथा खेलकूद मन्त्रालय | २०७३/०५/६ |
| २४. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७३/०५/१० |
| २५. | शान्ति तथा पुर्ननिर्माण मन्त्रालय | २०७३/०५/१५ |
| २६. | सिंचाई मन्त्रालय | २०७३/०५/१२ |
| २७. | खानेपानी तथा सरसफाई मन्त्रालय | २०७३/०५/१० |
| २८. | सामान्य प्रशासन मन्त्रालय | २०७३/०५/१५ |